जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ५ • २०८३ साल जेठ ११ गते सोमबार (25 May, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## हावाहुरीले ४५ घरमा क्षति



**टुडे समाचारदाता**

बारा । बाराको जीतपुरसिमरा उपमहानगरमा हावाहुरीका कारण ४५ घरमा क्षति पुऱ्याएको छ । जीतपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल, उपमेयर भोला अधिकारीसहित उपमहानगरको नगर प्रहरीको टोलीले आइतबार स्थलगत अवलोकन गरी ४५ घरमा पूर्ण तथा अन्य केही घरमा आंशिक क्षति पुगेको जानकारी दिएको छ ।

अमलेखगञ्ज-चकरी खण्डमा शनिबार राती आएको हावाहुरीले रुख ढलेपछि आवागमनसमेत बन्द भएको थियो । आइतबार उपमहानगरको नगर प्रहरीले रुख पन्छाएर बाटो खोलेको जीतपुर सिमरा उपमहानगरले जनाएको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिका जोड्ने चकरी-डम्बरपुर खण्डमा रुख ढलेकाले सडक र विद्युत् पूर्ण रूपमा बन्द भएको थियो ।

केही रुखहरू जरैदेखि ढलेकाले बारामा केही वर्ष अघि आएको टोर्नाडोकै झल्को दिने हावाहुरी देखिएको मेयर पौडेलको भनाइ छ । मेयर पौडेलले भने, 'कतिपय रुख जरैदेखि ढलेको छ, हावाहुरी अत्यन्तै शक्तिशाली टोर्नाडो जस्तो देखियो ।'

हावाहुरीका कारण भएको क्षतिको विषयमा उपमहानगरपालिकाले विवरण संकलन गर्ने कार्य अघि बढाएको छ ।

### मधेश प्रदेश सरकारमाथि पुनः संकट

# अर्थ नदिए सरकार छाड्ने नेकपाको धम्की, उपभोक्ता बन्द बटमलाईन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले विश्वासको मत लिन गरेको सहमति पत्रको मसी सुक्न नपाउँदै पुनः संकटमा परेको छ ।

सहमति अनुसार नेपाल कम्युनिष्ट पार्टी(नेकपा) लाई अर्थ मन्त्रालय दिन कांग्रेस र एमालेले आलटाल गरे लगत्तै सरकारबाट हट्ने धम्की आएको छ ।

नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई एमाले र नेकपाले समर्थन गरेको छ । विश्वासको मत संघीय समाजवादी पार्टीकी सांसदले पनि दिएकी छन् । तर उनलाई सरकारमा सहभागी गराउने मनस्थितिमा तीन दल छैन ।

स्रोतका अनुसार नेकपाले अर्थ मन्त्रालय नदिए सरकारबाट हट्ने चेतावनी आइतवार मुख्यमन्त्री यादवलाई दिएको थियो । नेकपाले सरकारमाथि दबाब बनाउन आइतबार सरकारमा रहने अथवा हट्ने एजेण्डामा छलफल समेत गरेको स्रोतले जनाएको छ ।

नेकपा छलफलमै रहेको बखत मुख्यमन्त्री यादवले अर्थ मन्त्रालय दिने वचनबद्धता प्रकट गरे । नेकपाका नेतालाई फोन मार्फत मुख्यमन्त्रीले सन्देश प्रवाह गरेका थिए । तर विश्वासको संकट देखिएको नेकपाका नेताहरुले बताएका छन् । 'कांग्रेस र एमालेले हामीलाई पेलेर जान खोजे' नेकपाका एकजना नेताले भने, हाम्रो लागि सरकार धेरै ठूलो विषय होइन ।

विश्वासको मत लिनु अगाडि तीन दलबीच भएको सहमतिको अक्षरशः पालना नगरिए सरकारबाट तत्काल बाहिरिने ती नेताले जनाए ।

अर्थ मन्त्रालय नेकपाले पाए पनि कांग्रेस र एमालेको चाहना अनुसार उपभोक्ता समितिको नाममा




कमिसन सोहर्ने बजेट नबनाइने बताउँदै आएको छ । 'हामीले बनाउने बजेटमा समावेश सबै योजनाहरु टेण्डरमार्फत मात्र कार्यान्वयन हुनेछ' नेकपाका सांसदले भने, कांग्रेस र एमालेको झेल यसमा चल्दैन ।

चालु आर्थिक वर्षको योजनाको पत्रहरु अझै धमाधम बिक्री भइरहेको छ । निर्माण सामग्रीहरुको मूल्य अत्यधिक वृद्धि भएकोले ठेकेदारहरु आपूर्ति, तालिम, प्रशिक्षण, गोष्ठीलगायतको कार्यक्रमहरुलाई प्राथमिकतामा राखेका छन् । केही सांसद र अधिकांश मन्त्रीहरु अझै पनि योजना बेच्ने काम रोकेका छैनन् ।

सरकारमा नेकपासित 'बार्गेनिंग'को क्षमता उच्च भएको छ । सरकारबाट जनता समाजवादी पार्टी( जसपा) नेपाल र जनमत पार्टी हटाएपछि नेकपाको 'बार्गेनिंग' क्षमता बढेको छ ।

नेकपाले समर्थन फिर्ता लिना साथ सरकार अल्पमतमा पर्ने छ । नेकपाले सहयोग गरे कांग्रेस र एमाले इतर सरकार पनि बन्न सक्ने सम्भावना छ । सरकारमा सहभागी रहेका तीन दल मध्ये एमाले र कांग्रेसले नेकपालाई दबाएर अनुकूल बजेट ल्याउन चाहेका छन् । बैकल्पिक सरकारको सम्भावना रहेकोले नेकपाले बार्गेनिंगलाई बढाएको छ ।

बैठक लगत्तै मुख्यमन्त्री यादवले नेकपाका नेताहरुलाई सरकारको विषयमा सहमति भइसकेको विषयमा कुनै तलमाथि नरहेको विश्वास दिलाएका छन् ।

नेकांका प्रमुख सचेतक कुमरकान्त झाले सरकारमाथि कुनै संकट नरहेको दाबी गरेका छन् । 'तीन दलबीच भएको सहमतिमा कांग्रेस दृढ छ ' उनले भने, नेकपाले सरकारलाई प्रारम्भदेखि नै समर्थन गर्दै आएको छ ।


मुख्यमन्त्री यादवले नेकपालाई हाल एकजनालाई बिना विभागीय मन्त्रीको सपथ गराउने र असार महिनाको पहिलो हप्ता अर्थ मन्त्रालय दिने बताएपछि सरकार नै संकटमा पर्ने जोखिम बढेको हो । नेकपाले बजेट बनाउने गरी अर्थ मन्त्रालय चाहेको छ । नेकपा संसदीय दलका नेता युवराज भट्टराई समीरको नाम अर्थ मन्त्रीको रुपमा प्रस्ताव गरिएको छ । स्रोतका अनुसार स्थिति बिग्रने भएपछि मुख्यमन्त्री यादवले मात्र अर्थ मन्त्रालय दिने पक्षमा छन् । आगामी आर्थिक वर्षको बजेट नै मधेश प्रदेशको चुनावी बजेट हुने सम्भावना छ ।

हाल सरकारमा नेकपाका तीन जना मन्त्री छन् । नेकपा एमालेको एकजना बिना बिभागिय मन्त्री छन् । एमालेले थप मन्त्रीको नाम सिफारिस गर्न सकेको छैन । केन्द्रमा दल भित्र विवाद रहेकोले प्रदेश सरकारमा मन्त्री पठाउने निर्देशन अध्यक्ष केपी शर्मा ओलीले नदिएको बताइएको छ । तर मन्त्रीहरुमा सिरहाबाट मनोज कुमार सिंह, महोत्तरीबाट शारदा देवी थापा र धनुषाबाट लखन दासको नाम रहेका छन् । मो.समिर यस अघि नै विना विभागीय मन्त्रीमा नियुक्त भइसकेका छन् ।

आइतबार साँझ एमालेले मन्त्रीहरुको सूचीसहित मुख्यमन्त्रीको आवासमा पुगेको थियो । तर छेउमै नेकपाका सांसदहरुको बैठक चलिरहेको थियो । एमालेले पनि चारवटा मन्त्रालय नपाए सरकारको समर्थन फिर्ता लिने घुर्की दिएको थियो । एमालेलाई मुख्यमन्त्री यादवले चारवटा मन्त्रालय सुनिश्चित गरेपछि शपथ ग्रहणका लागि सिंह, थापा र दास मधेश भवन पुगेका थिए । तर नेकपा तयार नभएपछि उनीहरु रित्तै फर्केका थिए ।

## अरगरियाले दिए एमालेबाट राजीनामा

**टुडे समाचारदाता**



जनकपुरधाम । नेकपा एमालेका नेता एवं पूर्वमन्त्री उमाशंकर अरगरियाले पार्टीको साधारण सदस्यसमेत नरहने नगरी राजीनामा दिएका छन् ।

एमाले नेता अरगरियाले आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सम्बोधन गर्दै पार्टीबाट राजीनामा दिएको घोषणा गरेका छन् ।

पूर्वमन्त्री अरगरियाले सामाजिक सञ्जालमा लेखेका छन्, 'पार्टी प्रवेश गरेको निकै लामो समय बित्न लाग्दा पनि हामीसँग आएका साथीहरूको उचित समायोजन हुन नसकेको र कमिटीविहिन छ । संगठन शुद्धिकरण हुनुपर्नेमा पार्टी भित्र पटक पटक अधिकारिक उम्मेदवारलाई हराउनेहरुलाई दण्डित गर्नुको सट्टा उल्टै पुरस्कृत गर्दै आएको परम्परा देखेको छु ।'

नेता अरगरियाले एमालेबाट राजीनामा दिनुपर्ने कारण स्पष्ट पार्दै भने, 'पटक पटक जिल्ला नेतृत्वबाट अपमानित हुने, लगनशीलता तथा इमान्दार कार्यकर्ताहरु अपहेलित हुने र पार्टीविरुद्ध लाग्नेहरु नै सम्मानित हुने प्रवृति हावी भएको क्रियाकलापले आजित भइ केन्द्रीय कमिटीमा कुरा राख्दा समेत कुनै पहल नभएपछि बाध्य भइ आजकै मितिदेखि पार्टीको साधारण सदस्य समेत नरहने गरी राजीनामा दिएको हुँ ।'

२०६४ सालको मधेश आन्दोलनको क्रममा कांग्रेस छाडेर उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम नेपालमा प्रवेश गरेका नेता अरगरिया आन्दोलनसंगै उदाएका थिए । पार्टी विभाजन भएपछि विजयकुमार गच्छदारको नेतृत्वमा गठित मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) नेपालको जिल्ला अध्यक्षको जिम्मेवारीमा रहे ।

त्यसपछिका मधेश केन्द्रित राजनीतिमा सक्रिय रहेका अरगरिया २०७४ को प्रतिनिधिसभा निर्वाचनमा संघीय समाजवादी फोरमबाट धनुषा क्षेत्र नं २ बाट निर्वाचित भएका थिए भने समाजवादी फोरम, समाजवादी पार्टी, जनता समाजवादी पार्टी (जसपा) हुँदै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालमा आबद्ध थिए ।

लोसपामै रहेको बेला केपी ओली नेतृत्वको सरकारमा संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्री नियुक्त भएका थिए । अदालतका आदेशका कारण उनी १८ दिनमै पदमुक्त भएका थिए । २०७९ को निर्वाचनमा टिकटका लागि महन्थ ठाकुर नेतृत्वको लोसपा परित्याग गरी ओलीको हातबाट टीका लगाएर एमाले प्रवेश गरेका थिए ।

एमालेबाटै २०७९ को निर्वाचनमा धनुषा क्षेत्र नं. २ बाटै प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका अरगरिया २०८२ फागुनको चुनाव दुवैमा हार बेहोरेका थिए ।






# दाइजो प्रथा र बालविवाहविरुद्ध निरन्तर लडिरहन्छु : उपसभामुख ठाकुर



बरहथवा । उपसभामुख रुवीकुमारी ठाकुरले मधेशमा व्याप्त दाइजो प्रथा र बालविवाहविरुद्ध निरन्तर लडिरहने बताउनुभएको छ।

सर्लाहीको चन्द्रनगर गाउँपालिकाले यहाँ आइतबार आयोजना गरेको बालविवाह एवं दाइजो प्रथा उन्मूलन कार्यक्रममा उपसभामुख ठाकुरले बालविवाह र दाइजो प्रथा मधेशबाट मात्र नभइ देशबाट उन्मूलन हुनुपर्ने बताउनुभयो । छोरीलाई बोझ मान्ने लैङ्गिक विभेदका कारण बालविवाह हुने गरेको भन्दै उहाँले मधेशले छोरीलाई सम्मान गर्न सिक्नुपर्ने उल्लेख गर्नुभयो ।

"छोरी जन्मने घरमा बोझ भित्रिएको भन्दै दुःख मान्नुहुन्न, माता सीताको जन्मभूमिमा छोरी जन्मनु त सौभाग्यको कुरा हो", उपसभामुख ठाकुरले भन्नुभयो । बालविवाह र दाइजो प्रथाले विवाहपछि परिवारमा विखण्डन ल्याउने उहाँको भनाइ थियो । पछिल्लो समय किशोरकिशोरीले घर छाडेर हिँड्ने गरेको कुरातर्फ सङ्केत गर्दै उहाँले अभिभावकको सरसल्लाहलाई गलत सोचेर विद्रोह नगर्न सुझाव दिनुभयो।

सर्लाही-१ बाट निर्वाचित सांसद नीतिमा कार्की भण्डारीले दाइजो र बालविवाह प्रथा लामो समयदेखि मधेसमा नबदलिएको बताउनुभयो। उहाँले समाजमा व्याप्त यस्ता कुरीति र कुसंस्कार शिक्षाको उज्यालो ज्योतिले मात्र हटाउन सक्ने भन्दै उहाँले छोरीहरूलाई पढाउन आग्रह गर्नुभयो।

कार्यक्रममा मधेश प्रदेशअन्तर्गत विभिन्न पालिकाका उपाध्यक्ष र उपप्रमुखहरूको सहभागिता रहेको थियो। सो अवसरमा छोरीलाई १२ कक्षा पढाएर २० वर्ष पारी विवाह गर्ने अभिभावक, बुहारीलाई स्नातक पढाउने अभिभावक र बिना दाइजो विवाह गर्ने जोडीलाई दोसल्ला र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो।

चन्द्रनगर गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि २० वर्ष पार गरी विवाह गर्ने छोरीहरूलाई विवाह मण्डपमै पुगेर नगद रु ५० हजारसहित सम्मान र कक्षा १२ सम्म पढ्ने छोरीहरूलाई पठनपाठमा प्रोत्साहन गर्ने उद्देश्यसहित एकमुष्ट नगद रु ११ हजार दिँदै आएको छ। रासस

# हेटौंडा सिमेन्ट उद्योग बन्द हुनु दुःखद् हो, यसलाई सरकारले चलाउँछ : मन्त्री यादव

बागमती । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि आर्थिक सङ्कटसँग जुध्दै आएको हेटौंडा सिमेन्ट उद्योगको आज निरीक्षण गर्नुभएको छ । कुनै बेला बन्द हुने र कुनै बेला सञ्चालन हुने नियति भोग्दै आएको उक्त सिमेन्ट उद्योगको अवस्था बुझ्न मन्त्री यादवले आइतबार उद्योगको निरीक्षणसँगै व्यवस्थापन र कर्मचारीहरूसँग छलफलसमेत गर्नुभएको छ।

उद्योग निरीक्षणपश्चात् आयोजित छलफल कार्यक्रममा मन्त्री यादवले सरकारको स्वामित्वमा रहेको सिमेन्ट उद्योग बन्द हुनु अत्यन्तै दुःखद् भएको बताउनुहुँदै सरकार बन्द रहेका सबै उद्योग सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो।

"हेटौंडा सिमेन्ट उद्योग नियमित रूपमा कसरी सञ्चालन गर्न सकिन्छ, त्यस विषयमा हामीले अध्ययन गरिरहेका छौँ", मन्त्री यादवले भन्नुभयो, "थुप्रै निजी सिमेन्ट उद्योगहरू नियमित सञ्चालन हुने तर सरकारी स्वामित्वको सिमेन्ट उद्योग बन्द हुने यो असाध्यै दुःखद् कुरा हो।" सरकारले हेटौंडा सिमेन्ट उद्योगको समस्यालाई गम्भीरतापूर्वक लिएको छ, छिट्टै सबै समस्या समाधान गरेर नियमित सञ्चालनको वातावरण बनाउँछ मन्त्री यादवले भन्नुभयो।



"उद्योग बन्द हुँदा रोजगारीमात्र गुम्दैन, देशको आर्थिक अवस्थामा पनि असर पर्छ", मन्त्री यादवले भन्नुभयो, "त्यसैले जसरी भए पनि सिमेन्ट उद्योगलाई सञ्चालन गर्न सरकार चाहिरहेको छ, यसमा सबैको सहयोग आवश्यक छ।" सरकार एक्लैले मात्र चाहेर उद्योग नियमित चल्न नसक्ने भएकाले यसमा व्यवस्थापन र कर्मचारीको पनि त्यत्तिकै सहयोग आवश्यक रहेको उल्लेख गर्नुहुँदै मन्त्री यादवले बन्द अवस्थामा रहेको हेटौंडा सिमन्ट उद्योग नियमित सञ्चालनका लागि सरकार सहयोग गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

कार्यक्रममा हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहले मेसिन पुरानो र जीर्ण भएकाले समय-समयमा बिग्रिने र आर्थिक सङ्कटका कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द भएको जानकारी दिनुभयो।

मेसिनको मर्मतसम्भार गरेर समय-समयमा थोरै भए पनि सिमेन्ट उत्पादन गर्दै आएकामा पछिल्लो समय कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द गर्नुपरेको जानकारी दिनुहुँदै निमित्त महाप्रबन्धक साहले आर्थिक समस्याका कारण कर्मचारीहरूलाई ११ महिनादेखि तलबभत्ता उपलब्ध गराउन नसकिएको, कच्चा पदार्थ आपूर्तिकर्ताको पुरानो बक्यौता तिर्न नसकेको, बिजुली महसुल भुक्तानी गर्नेलगायत समस्या अवगत गराउनुभयो । तत्काल देखिएको आर्थिक समस्यालाई समाधान गर्न सकिए उद्योग नियमित सञ्चालन गर्न सकिने उहाँको भनाइ थियो।

विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ। रासस

# सुर्तीजन्य पदार्थमा करको दर बढाउन सांसदको आग्रह

काठमाण्डु। सांसदहरूले सुर्तीजन्य पदार्थमा लाग्ने करको दरलाई वृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सुर्तीजन्य पदार्थको कर दरका सम्बन्धमा आइतबार यहाँ आयोजित अन्तरक्रिया सांसदहरूले सुर्तीजन्य पदार्थको करको दर बढाएर सुर्तीजन्य पदार्थको रोकथाम तथा नियन्त्रण गर्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सभापति डा ओजस्वी शेरचनले सुर्तीजन्य पदार्थको करको दर बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डमा सुर्तीजन्य पदार्थको करको दर बढाएर सुर्तीजन्य पदार्थको सेवनलाई घटाउन सकिने बताउनुभयो।

हाल विश्व स्वास्थ्य सङ्गठनले ७५ प्रतिशतसम्म सुर्तीजन्य पदार्थमा करको दर सिफारिस गर्न भनेको छ। तर नेपालमा अहिले सुर्तीजन्य पदार्थमा ४१ प्रतिशतमात्र कर लाग्ने गरेको छ।

सांसद डा तोसिमा कार्कीले सुर्तीजन्य पदार्थमा लाग्ने करको दरलाई वृद्धि गरी कम्तीमा ५० प्रतिशत पुर्याउनुपर्ने बताउनुभयो। उहाँले सुर्तीजन्य पदार्थको करबाट उठेको पैसा स्वास्थ्यमा नै खर्च गर्नुपर्ने भनाइ राख्नुभयो।

करको दर बढाएर राजस्व सङ्कलनमात्र नभई सुर्तीजन्य पदार्थको उपभोग घटाउनु रहेको उहाँको भनाइ छ। उहाँले सरकारले हाल वार्षिक तीनदेखि पाँच प्रतिशतसम्मको सामान्य कर वृद्धि गर्ने गरेको उल्लेख गर्दै त्यसले उपभोक्ताको व्यवहार परिवर्तन नल्याएको बताउनुभयो।

सांसद डा चन्द्रसिंह यादवले नसर्ने रोगका कारणले गर्दा मृत्युदर ६६ प्रतिशत रहेको भन्दै सुर्तीजन्य पदार्थको कर बढाएर नसर्ने रोगको जोखिम कम गर्न सकिने बताउनुभयो। सांसद गुरु बरालले सुर्तीजन्य पदार्थका कर वृद्धिसँग १५ देखि २४ वर्ष उमेरसमूहका युवालाई सुर्तीजन्य पदार्थको सेवनबाट टाढा राख्नुपर्ने बताउनुभयो।

सांसद भीमकुमार बुढामगरले र भरत गिरीले सुर्तीजन्य पदार्थमा गरिने कर वृद्धिले मात्र उपभोग घटाउन सकिने भन्दै सुर्तीजन्य पदार्थबाट लाग्ने रोग पनि कम हुने बताउनुभयो।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शिवराज अधिकारीले सुर्तीजन्य पदार्थको करको दर ५५ प्रतिशत पुर्याउनुपर्ने बताउनुभयो। उहाँले प्रत्येक वर्ष तीनदेखि पाँच प्रतिशत कर बढिरहे पनि अहिलेको सरकारले सुर्तीजन्य पदार्थको करको दरलाई ५५ प्रतिशत पुर्याउनुपर्नेमा जोड दिनुभयो।

करविज्ञ डा रुप खड्काले कानुनअनुसार नेपालमा सुर्तीजन्य पदार्थको कर नलाग्ने गरेको उल्लेख गर्दै सरकारले यसपटक कर बढाउनुपर्ने बताउनुभयो।

प्रतिष्ठानका सुर्तीजन्य पदार्थको नियन्त्रण कार्यक्रमका संयोजक डा जयकुमार गुरुङले क्यान्सर गराउने मुख्य कारकतत्व सुर्तीजन्य पदार्थ भएकाले यसको नियन्त्रण गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले सुर्तीजन्य पदार्थको सेवन घटाउनका लागि यसको करमा वृद्धि आवश्यक रहेको बताउनुभयो। रासस

# बागमती नदीमा डुबेका दुवै युवकको शव भेटियो

बरहथवा । बागमती नदी तर्ने क्रममा डुबेर बेपत्ता भएका दुई युवकको शव फेला परेको छ।

बागमती नदी तर्ने क्रममा रौतहट र सिन्धुलीको सिमाना झप्सी भन्ने स्थानबाट शनिबार अपराह्नदुई युवक बेपत्ता भएका थिए । खोलामा डुबेर बेपत्ता भएका लालबन्दी नगरपालिका-९ बस्तीपुरका अन्दाजी १८ वर्षका रोहित महतो र लालबन्दी नगरपालिका-६ का अन्दाजी २० वर्षका गणेश महतोको शव खोजतलासका क्रममा आज बागमती नगरपालिका-११ स्थित खोलाकिनारमा फेलापरेको प्रहरीले जनाएको हो।



शनिबार खोला तर्ने क्रममा झप्सी झुलुङ्गे पुलमुनिबाट उनीहरू दुई जनासहित बरहथवा नगरपालिका-५ का अन्दाजी २८ वर्षका सहमद मोमिन, २४ वर्षका मोहम्द अखतर र ब्रहमपुरी गाउँपालिका-३ का अन्दाजी २० वर्षका श्याम भण्डारीलाई समेत खेलाले बगाएको थियो । बगेका तीन जना भने त्यसको केही मिटरको दूरीमा रहेको नुनथर क्षेत्रमा पौडिएर निस्कन सफल भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिनुभयो।

उहाँहरू शनिबार बिहानै घुम्न निस्किएको र उक्त स्थानमा पुगेको परिवारको भनाइ छ । बेपत्ता रोहित र गणेशको भने खोलामा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ। दुवै जनाको शव घटनास्थलको मुचुल्कापछि परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको प्रहरीले जनाएको छ । घटनापछि मृतक युवकहरूको गाउँ शोकमा डुबेको छ। रासस

# डिजिटल तथा वित्तीय साक्षरता तालिम सञ्चालन



**टुडे समाचारदाता**

जनकपुरधाम । ग्रामीण सामुदायिक दिगो विकास केन्द्रले वुमन लाइट द वर्ल्ड तथा बीइन्डीई इन्टरनेश्नलको सहयोगमा मधेश प्रदेशका सीमान्तकृत समुदायका महिला तथा किशोरीहरूका लागि "डिजिटल तथा वित्तीय साक्षरता तालिम" शुरु भएको छ।

धनुषाको मिथिला बिहारी नगरपालिकामा शुरु भएको सो तालिम २० दिने आवासीय स्वरूपमा आयोजना गरिएको छ। तालिममा मधेश प्रदेशका आठवटै जिल्लाका सहभागीहरूको सहभागिता रहने आयोजकले जनाएको छ।

नेपालमा डिजिटल प्रविधि तथा वित्तीय प्रणाली दैनिक जीवनको अभिन्न हिस्सा बन्दै गए पनि मधेश प्रदेशका धेरै महिला तथा किशोरीहरू अझै डिजिटल उपकरण, बैंकिङ सेवा तथा अनलाइन वित्तीय प्लेटफर्महरूको सुरक्षित प्रयोगबाट वञ्चित छन्। विशेषगरी दलित, अल्पसंख्यक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायहरूमा सीमित साक्षरता, गरिबी, लैङ्गिक असमानता तथा प्रविधिमा न्यून पहुँचका कारण डिजिटल तथा वित्तीय विभाजन गहिरिँदै गएको छ।

मधेश प्रदेशका धेरै परिवार वैदेशिक रोजगारीमा रहेका सदस्यहरूले पठाउने रेमिटेन्समा निर्भर छन्। तर डिजिटल तथा वित्तीय साक्षरताको अभावका कारण धेरै महिलाहरू मोबाइल बैंकिङ, एटीएम, त्तच भुक्तानीलगायतका सेवाहरू प्रयोग गर्न तेस्रो पक्षमाथि निर्भर हुनुपर्ने अवस्था रहेको छ। यस क्रममा एक्ष्ल नम्बर, इत्ए तथा बैंक खातासम्बन्धी गोप्य जानकारी अरूसँग साझा गर्दा डिजिटल ठगी, वित्तीय शोषण तथा साइबर दुरुपयोगको जोखिम बढिरहेको बताइएको छ।

आयोजक संस्थाका अनुसार तालिमले सहभागीहरूलाई मोबाइल तथा डिजिटल उपकरणको प्रयोग, अनलाइन सुरक्षा, मोबाइल बैंकिङ, डिजिटल भुक्तानी प्रणाली, बचत तथा वित्तीय व्यवस्थापनसम्बन्धी व्यावहारिक ज्ञान र सीप प्रदान गर्नेछ । साथै, महिलाहरूको डिजिटल आत्मविश्वास, वित्तीय निर्णय क्षमता तथा सुरक्षित डिजिटल अभ्यास प्रवर्द्धन गरी आर्थिक सशक्तीकरणमा योगदान पुर्‍याउने लक्ष्य राखिएको छ।

आरसीएसडीसीले यस तालिममार्फत किशोरी तथा महिलाहरूलाई सञ्चार, सिकाइ, उद्यमशीलता, आयआर्जन तथा स्थानीय शासन प्रक्रियामा डिजिटल सीपको प्रभावकारी प्रयोग गर्न सक्षम बनाउने विश्वास व्यक्त गरेको छ। आयोजकका अनुसार कार्यक्रमले मधेश प्रदेशमा समावेशी विकास तथा महिला सशक्तीकरणलाई थप मजबुत बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# रास्वपाको प्रथम महाधिवेशन तयारी कार्यतालिका सार्वजनिक

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रथम राष्ट्रिय महाधिवेशन तयारी कार्यतालिका स्वीकृत गरेको छ। सो पार्टीको केन्द्रीय निर्वाचन आयोगले महाधिवेशन तयारी कार्यतालिकाका बारेमा प्रदेश र जिल्ला सभापतिलाई जानकारी गराएको छ।

स्वीकृत कार्यतालिकाअनुसार यही जेठ १५ गतेसम्म ७७ जिल्ला तथा सात प्रदेशमा निर्वाचन समिति गठन गरिसक्नुपर्नेछ। यस्तै यही जेठ २० गतेसम्म स्थानीय तथा जिल्ला अधिवेशनको प्रतिवेदन सङ्कलन तथा जेठ ३० गतेसम्म जिल्ला अधिवेशन तथा निर्वाचन प्रतिवेदन पेस हुनेछन्।

यस्तै जेठ २५ गतेसम्म महाधिवेशन प्रतिनिधिको नामावली पेस गर्ने, आगामी असार ५ गतेसम्म प्रदेश अधिवेशनमा निर्वाचित पदाधिकारीको विवरण पेस र विद्युतीय मतदान सम्बन्धी छलफल हुने केन्द्रीय निर्वाचन आयोगका उपप्रमुख राम गुरुङले जानकारी दिनुभयो । रास्वपाले आगामी असार ७, ८ र ९ गते चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन आयोजना गरेको छ। रासस





## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- मेष : आज नयाँ कुरा सिक्ने राम्रो अवसर छ।
- वृष : पारिवारिक सुख-सुविधामा खर्च बढ्न सक्छ।
- मिथुन : आज पराक्रम र आत्मविश्वास बढ्नेछ।
- कर्कट : आर्थिक दृष्टिकोणले आजको दिन निकै सुखद रहनेछ।
- सिंह : चन्द्रमा आज पनि तपाइकै राशिमा रहेकाले व्यक्तित्व निखारिनेछ।
- कन्या : आज अलि बढी खर्चालु दिन रहन सक्छ।
- तुला : आजको दिन आम्दानीका हिसाबले निकै राम्रो छ।
- वृश्चिक : कार्यक्षेत्रमा तपाईको मान-सम्मान बढ्नेछ।
- धनु : भाग्यको साथले गर्दा जटिल कामहरु पनि सहजै बन्नेछन्।
- मकर : आज स्वास्थ्यमा केही गिरावट आउन सक्छ।
- कुम्भ: व्यापारमा नयाँ साझेदारीको अवसर मिल्न सक्छ।
- मीन: आज शत्रुहरुप्रति विजय प्राप्त गर्ने दिन हो।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चुरे क्षेत्रको संरक्षणका लागि पर्याप्त बजेटको व्यवस्था गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । चुरे क्षेत्रको संरक्षणका लागि पर्याप्त बजेटको व्यवस्था गर्न सरकारसँग माग गरिएको छ । पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानले आइतबार काठमाडौँमा पत्रकार सम्मेलन



गरी सो माग गरेको हो । त्यसैगरी शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि गुणस्तरीय सेवा दिने गरी आवश्यक बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गरिएको अभियानका संयोजक नरेन खतिवडाले बताए ।

राष्ट्रिय कूल बजेटको २० प्रतिशत शिक्षा र स्वास्थ्य क्षेत्रमा १० प्रतिशत बजेट सरकारले विनियोजन गर्नुपर्ने अभियानको सुझाव थियो । संयोजक खतिवडाले सरकारले जैविक कृषि, पर्यापर्यटन, घरेलु तथा साना उद्योग, वन, नवीकरणीय ऊर्जा र सूचना प्रविधि लगायतका क्षेत्रमा वार्षिक ५ लाख रोजगारी तथा स्वरोजगारी सुनिश्चित हुने गरी पर्याप्त बजेट विनियोजन गर्न पनि सरकारलाई आग्रह गरिएको बताए ।

उनले भने, 'लोकतान्त्रिक, समुदाय केन्द्रित, प्रकृतिमैत्री तथा मानवीय आवश्यकता बमोजिमको विकास मोडल निर्माणका लागि बजेट विनियोजन गरियोस् । वातावरणीय प्रभाव मूल्याङ्कनलाई केवल औपचारिकतामा मात्रै सीमित नगरी वातावरणीय सुरक्षा, सुनिश्चित भएको योजनालाई मात्रै पूँजीगत बजेट छुट्टाइयोस् । मधेस र समग्र देशको जीवनसँग जोडिएको चुरे क्षेत्रको दिगो संरक्षण, संवर्द्धन र पुनर्स्थापनाका लागि पर्याप्त बजेट विनियोजन गरियोस् ।

शिक्षा र स्वास्थ्य नागरिकको मौलिक हक भएकाले आगामी बजेटको कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा र १० प्रतिशत स्वास्थ्य क्षेत्रमा विनियोजन गरी सार्वजनिक शिक्षा र स्वास्थ्यलाई गुणस्तर बनाइयोस् । जैविक कृषि, पर्यापर्यटन, घरेलु तथा साना उद्योग, वन, नवीकरणीय ऊर्जा र सूचना प्रविधि लगायतका क्षेत्रमा वार्षिक ५ लाख रोजगारी तथा स्वरोजगारी सुनिश्चित हुने गरी पर्याप्त बजेट विनियोजन गरियोस् ।'


सरकारले वातावरणीय सुरक्षा सुनिश्चित भएका योजनामा मात्रै बजेटको व्यवस्था गर्नुपर्नेमा अभियानले जोड दिएको छ ।

# बुढीगण्डकी जलविद्युत आयोजनासम्बन्धी अर्थमन्त्रीको अभिव्यक्तिप्रति नेता पाण्डेको आपत्ति

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभाको 'विकास, आर्थिक तथा सुशासन समिति' को बैठकमा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले बुढीगण्डकी जलविद्युत आयोजनाको लागत र निर्माणका सम्बन्धमा व्यक्त गरेको विचारप्रति नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का नेता एवं पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले आपत्ति जनाएका छन् ।

नेता पाण्डेले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै अर्थमन्त्री जस्तो जिम्मेवार व्यक्तिबाट जनतामा निराशा पैदा गर्ने खालको अभिव्यक्ति आउनु दुःखद भएको बताएका छन् । आयोजनाको प्रारम्भिक सर्भेदेखि नै विशेष चासो राख्दै आएका पाण्डेले अर्थमन्त्री वाग्लेले प्रतिमेगावाट लागत बढी आउने भन्दै यसलाई सामान्य जलविद्युत आयोजनाको कोटामा राखेर मूल्याङ्कन गरेकोमा गम्भीर



नेता पाण्डेले बुढीगण्डकी केवल विद्युत् उत्पादन गर्ने आयोजना मात्र नभई एक बहुउद्देश्यीय गौरवको योजना भएको स्पष्ट पारेका छन् । आयोजना निर्माण हुँदा कम्तीमा ४२ कि.मि. लामो विशाल जलाशय बन्ने र जल यातायात सञ्चालन गर्न सकिने, मत्स्यपालन, जलविहार र आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन हुने, जलाशयको किनारामा झन्डै ३०० कि.मि.को रिङ्गरोड बन्ने र वरपर पर्यटकीय होटल तथा रिसोर्टहरू खुल्ने भएकाले त्यसमा ध्यान दिन पाण्डेले आग्रह गरेका छन् ।

असहमति व्यक्त गर्दै आपत्ति जनाए ।

जारी गरिएको विज्ञप्तिमा उल्लेख भएअनुसार ९ वर्ष पहिले नै नेपाल सरकारले १,२०० मेगावाट क्षमताको जलाशययुक्त आयोजना निर्माण गर्ने निर्णय गरिसकेको छ ।

यसका लागि गोरखा र धादिङका २७ गाविसका करिब ५३,००० रोपनी जमिन अधिग्रहण गरी ४३ अर्बभन्दा बढी रकम मुआब्जा वितरण भइसकेको छ भने विस्तृत सर्वेक्षणमा समेत अर्बौं खर्च भइसकेको छ ।

नेता पाण्डेले बुढीगण्डकी केवल विद्युत् उत्पादन गर्ने आयोजना मात्र नभई एक बहुउद्देश्यीय गौरवको योजना भएको स्पष्ट पारेका छन् । आयोजना निर्माण हुँदा कम्तीमा ४२ कि.मि. लामो विशाल जलाशय बन्ने र जल यातायात सञ्चालन गर्न सकिने, मत्स्यपालन, जलविहार र आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन हुने, जलाशयको किनारामा झन्डै ३०० कि.मि.को रिङ्गरोड बन्ने र वरपर पर्यटकीय होटल तथा रिसोर्टहरू खुल्ने भएकाले त्यसमा ध्यान दिन पाण्डेले आग्रह गरेका छन् ।

धादिङ क्षेत्र नं. १ का पूर्व सांसद समेत रहेका पाण्डेले काठमाण्डु र सिउरेनीटारमा फिल्ड कार्यालय समेत सञ्चालनमा रहेको अवस्थामा आयोजनालाई ओझेलमा पार्ने प्रयास नगर्न सचेत गराएका छन् ।

उनले अर्थमन्त्री वाग्लेलाई निराशाजनक अभिव्यक्ति बन्द गरी बुढीगण्डकी निर्माणका लागि आवश्यक रकम जुटाउने उपायतर्फ लाग्न दरिलो सुझाव दिए ।

# बाजुरा र हुम्लाको सीमाको अध्ययन गर्न समिति गठन

काठमाण्डु । सरकारले बाजुरा र हुम्ला जिल्लाको सीमासम्बन्धी प्राविधिक पक्ष अध्ययन गरी प्रतिवेदन पेस गर्न नापी विभागका उपमहानिर्देशक सुशील डङ्गोलको संयोजकत्वमा एक समिति गठन गरेको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको अध्यक्षतामा आज सिंहदरबारमा बसेको बैठकले उक्त समिति गठन गर्ने निर्णय गरेको हो ।

समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका साथै कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट एक-एक जना प्रतिनिधि सदस्य रहनेछन् । त्यस्तै, नापी विभागका निर्देशकलाई समितिको सदस्य-सचिवको जिम्मेवारी दिइएको छ ।

बैठकमा भूमि मन्त्रालयका सचिव मदन भुजेल, प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहाल सहभागी हुनुहुन्थ्यो ।

यस्तै, नापी विभागका महानिर्देशक प्रकाश जोशी, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव भिम बुढा, नापी विभागका निर्देशक दयानन्द जोशी र नापी अधिकृत ज्योति ढकालको सहभागिता थियो । रासस

# 'नेपाल र बेलायत बीचको सम्बन्ध सुदृढीकरणमा शिक्षा र सिपको भूमिका महत्वपूर्ण'

**टुडे समाचारदाता**

काठमाण्डु । बेलायतकी इन्डो-प्यासिफिक राज्यमन्त्री सीमा मल्होत्राले नेपाल र बेलायतबीचको ऐतिहासिक सम्बन्धलाई थप सुदृढ र आधुनिक बनाउन शिक्षा, सिप विकास र आर्थिक सहकार्य मुख्य आधार रहेको बताएकी छन् ।

आफ्नो पहिलो नेपाल भ्रमणका क्रममा आयोजित कार्यक्रममा बोल्दै उनले दुई देशबीचको २०० वर्षभन्दा पुरानो मित्रता र १०० वर्षअघि हस्ताक्षरितमैत्री सन्धिलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिन् ।

मन्त्री मल्होत्राले नेपालको शिक्षा क्षेत्रमा बेलायतले विगत ७० वर्षदेखि निरन्तर सहयोग गर्दै आएको स्मरण गराइन् ।

मन्त्री मल्होत्राले शिक्षा र अर्थतन्त्र एकअर्कासँग अभिन्न रूपमा जोडिएको बताइन् ।

नेपाल सरकारले अघि सारेको आर्थिक वृद्धि र रोजगारी सिर्जनाको लक्ष्यलाई सघाउन बेलायत इच्छुक रहेको उनको भनाइ छ ।

बेलायतले आफ्नै देशमा लागु गरेको 'औद्योगिक



रणनीति' र 'स्किल्स इंग्ल्यान्ड' को अवधारणालाई नेपालको आवश्यकताअनुसार साझेदारी गर्न सकिने उनले बताइन् ।

नेपाली विद्यार्थीले नेपालमै बसेर बेलायती विश्वविद्यालयको शैक्षिक योग्यता हासिल गर्न सकिने 'ट्रान्सनेसनल एजुकेसन' को महत्वमाथि प्रकाश पार्दै मन्त्रीले यसले प्रतिभा पलायन रोक्न र लागत कम गर्न मद्दत गर्ने बताइन् ।

हाल नेपालका ३० वटा क्याम्पससँग १९ वटा बेलायती विश्वविद्यालयले सहकार्य गरिरहेको र १७ हजारभन्दा बढी नेपाली विद्यार्थी लाभान्वित भइरहेको जानकारी उनले दिइन् ।

मन्त्री मल्होत्राले बेलायतमा रहेका नेपाली समुदायले दुई देशबीच 'लिभिङ ब्रिज' को काम गरिरहेको बताइन् ।

बेलायतमा नेपाली मूलका व्यक्तिहरू स्थानीय राजनीति र व्यावसायिक क्षेत्रमा सफल हुँदै गएकोमा खुसी व्यक्त गर्दै उनले बेलायत पढ्न जाने नेपाली विद्यार्थी छैटौं ठूलो अन्तर्राष्ट्रिय समूह हुनु गौरवको विषय रहेको बताइन् ।

भ्रमणका क्रममा मन्त्री मल्होत्राले नेपालका शिक्षा, परराष्ट्र र अर्थमन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता गरी दुई पक्षीय हितका विषयमा छलफल गरेकी थिइन् ।

नेपालको समावेशी विकास, नवप्रवर्तन र समृद्धिका लागि बेलायत सदैव भरपर्दो साझेदार रहने मन्त्री मल्होत्राको भनाइ छ ।

# मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा, सडक आश्रित १२० जनाको उद्धार

महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगरबाट दुई जना सडकआश्रित व्यक्तिको उद्धार गरिएको छ । मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा, २०८३ को टोलीले एक महिला र पुरुषलाई उद्धार गरेको हो ।

उद्धार गरिएका उनीहरुलाई धनगढी मानव सेवा आश्रममा लगिएको मानव सेवा आश्रमका सदस्य उर्विन सापकोटाले जानकारी दिनुभयो । "आज धनगढीमा उद्धार गर्दैछौं, गत वैशाख २८ गते मेचीबाट सुरु भएको यात्राका क्रममा १२० जनाको उद्धार गरिएको छ", उहाँले भन्नुभयो ।

मानव सेवा आश्रमले सडकपेटीमा कसैले पनि कष्टकर जीवनयापन गर्न नपरोस भनेर काँकरभिट्टास्थित मेची पुलबाट यात्रा सुरु गरेको थियो । यात्रा कञ्चनपुर-कैलाली हुँदै आइतबार बाँके पुग्नेछ ।

आनी छोइङ डोल्मा फाउन्डेसनकी संस्थापक एवं गायिका आनी छोइङ डोल्मा र आयोजक मानव सेवा आश्रमको टोली उद्धारका लागि यहाँ आइपुगेको हो । आश्रमका सदस्य सापकोटाले सडकआश्रित मानवहरूको उद्धारका लागि देशव्यापी यात्रामा रहेको बताउनुभयो ।

उहाँले मानव सेवा आश्रमका देशका विभिन्न स्थानमा ३३ वटा सेन्टर रहेको जानकारी दिनुभयो । गायिका आनी छोइङ डोल्माले यात्रामा आर्थिक व्यवस्थापन गर्नुभएको छ भने मानव सेवा आश्रमले अन्य व्यवस्थापकीय भूमि निभाउँदै आएको छ । रासस

# 'बहाल-बहिल' संस्कृतिको पुनरूत्थानमा काव प्रमुख डङ्गोलको प्रतिबद्धता

काठमाण्डु । काठमाण्डु महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले बौद्ध परम्परतामा आधारित 'बहाल-बहिल' संस्कृति गौरवपूर्ण इतिहास भएकाले तिनीहरुको पुनरूत्थान गरिने बताउनुभएको छ ।



नेपाल मण्डल लिटरेचर कल्चरल ट्रष्टले आइतबार आयोजना गरेको 'बहाल-बहिल संस्कृति सामाजिक अध्ययन' विषयक गोष्ठीमा कार्यवाहक प्रमुख डङ्गोलले काठमाडौंभित्र भएका बहाल-बहिलहरूको वस्तुगत परिस्थिति र सामाजिक पक्षहरूका विषयमा अध्ययनले थप उजगार गरेको बताउनुभयो ।

काठमाडौंभित्र भएका १६ वटा बहिलमध्ये अहिले कतिवटा बहिलहरु नाम छ तर ती बहिलका संस्कृति, परम्परा र रीतिरिवाजहरूको अभिलेख नासिँदै गएको अवस्था छ ।

डङ्गोलले बहाल-बहिलका संस्कृति, परम्परा र रीतिरिवाजहरूको अभिलेख तयार गर्दै पुनरुस्थानसहित हस्तान्तरण, पुस्तान्तरणका लागि पनि योजना बनाएर अघि बढ्न सुझाव दिनुभयो । "हामीले पुनरुस्थान गर्दै-गर्दा त्यहाँको सौन्दर्य, ऐतिहासिक र धार्मिक पक्षलाई पनि ख्याल गर्नुपर्छ", उहाँले भन्नुभयो, "त्योसँगै मूर्त-अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा पनि हाम्रो ध्यान जान जरुरी छ । बहाल-बहिलको विकास, संरक्षण र पुस्तान्तरणका लागि हामी हातेमालो गरे अघि बढौं भनेर आग्रह गर्न चाहन्छु ।"

ट्रष्टका अध्यक्ष सन्ध्या बज्राचार्यले बहाल-बहिलको संस्कृतिको अध्ययन र अनुसन्धान आजको आवश्यकता भएको भन्दै गोष्ठीमा सहभागी विज्ञहरुको उपस्थितिमा ऐतिहासिक सम्पदा, बौद्ध दर्शन र परम्परागत सामाजिक संरचनालाई उजागर गर्ने विषयमा गहन छलफल गरेको जानकारी दिनुभयो ।

लोप हुन लागेका बही संस्कृति, त्यहाँका पुराना परम्परा र रीतिरिवाजहरूको अभिलेख तयार गर्ने, मध्यकाल र त्योभन्दा अगाडिदेखि विकास भएका बौद्ध विहारहरूको ऐतिहासिक पक्ष केलाउँदै नयाँ तथ्यहरू सार्वजनिक गर्ने, र युवा पुस्तालाई आफ्नो रैथाने संस्कृति र गौरवपूर्ण इतिहासप्रति जागरूक बनाउने जस्ता विषयमा केन्द्रित भएर सो क्षेत्रका विज्ञहरुल बताएका छन् ।

बौद्ध कलाअन्तर्गत बहिलभित्र संरक्षित मूर्तिहरू, पौभा चित्रकला, र विशेषगरी गुँला महिनामा गरिने ' बहीद्यो: ब्वयेगु' परम्परालाई कसरी अन्तरराष्ट्रियस्तरमा चिनाउने भन्ने विषयमा विज्ञहरूले सुझाव दिएका थिए । रासस

# अन्तरनिकाय समन्वय नहुँदा खानेपानी लाइनमा छ करोड ५९ लाख बराबरको क्षति

काठमाण्डु । सरकारी निकायबीच एक आपासमा समन्वय नगरी काम गर्दा काठमाडौं उपत्यकाभित्र विछ्याइएका खानेपानीको पाइप लाइनमा क्षति भएको पाइएको छ ।

महालेखापरीक्षकको कार्यालयले तयार पारेको ६३औं वार्षिक प्रतिवेदनअनुसार अन्तरनिकायबीच समन्वय नगरी काम गर्दा खानेपानी लाइनमा रु छ करोड ५९ लाख ६८ हजार बराबरको क्षति भएको पाइएको छ । क्षति भएको रकम बराबरको शोध भर्ना लिनुपर्नेमा त्यस वापतको रकम प्राप्त हुनसकेको छैन ।

काठमाडौं उपत्यकामा विच्छ्याइएको पाइपमा सडक, विद्युत्लगायतका कार्य गर्दा पाइपमा क्षति पुगेको थियो । विवरणअनुसार नेपाल विद्युत् प्राधिकरणले काम गर्दा रु एक करोड ६७ लाख ५७ हजार बराबरको क्षति पुगेको छ । यस्तै, सडक विभागले आवश्यक काम गर्दा रु दुई करोड ८० हजार, ललितपुर महानगरपालिकाले आवश्यक काम गर्दा रु एक करोड १२ लाख ७३ हजार र अन्य निकायका तर्फबाट रु एक करोड ७१ लाख ३८ हजार बराबरको क्षति पुगेको थियो ।

यसैगरी एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता अन्त्य गरी नयाँ सम्झौता गरिएको सन्दर्भमा कार्यसम्पादन जमानत र पेश्कीसमेत गरी रु दुई अर्ब ५९ करोड ९९ लाख असुल गर्ने गरी निर्णय भएको थियो ।

सो निर्णय बमोजिम उक्त रकम असुल नभएकामा महालेखाले प्रश्न उठाएको छ । काठमाडौं उपत्यकाको कोड्कु, सल्लाघारी, धोबिघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माणका सन्दर्भमा एक निर्माण व्यवसायीसँग ठेक्का तोडेर अर्को ठेक्का गरेको थियो ।

सुरुमा एक विदेशी कम्पनीसँग रु तीन अर्ब ४६ करोड ९६ लाखमा सम्झौता भएको थियो । सो कम्पनीले रु ७८ करोड ७७ लाख २५ हजार बराबरको कार्य सम्पन्न भएको थियो ।

तोकिएको समयमा काम नभएपछि ठेक्का सम्झौता अन्त्य गरी पुनः नयाँ निर्माण व्यवसायी छनौट गरिएको थियो । नयाँ व्यवसायी छनोट अघि रु छ अर्ब ४७ करोड एक लाख बराबरको लागत अनुमान गरिएको थियो । रासस

# 'लागुऔषध दुर्व्यसन नियन्त्रणमा प्रदेश सरकार सहयोगी'

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशमा लागुपदार्थ दुर्व्यसनी नियन्त्रणका लागि आवश्यक सहयोग उपलब्ध गराउने बताउनुभएको छ ।

कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विराटनगर महानगरपालिका र जिल्ला प्रहरी कार्यालय मोरङद्वारा आइतबार यहाँ आयोजित लागुऔषध दुर्व्यसनविरुद्धको महाअभियान कार्यक्रमको शुभारम्भ गर्दै मुख्यमन्त्री कार्कीले लागुऔषध दुर्व्यसन व्यक्तिको मात्र नभएर परिवारको विघटन, समाजको विकृति र सिँगो राष्ट्रको विकासको सबैभन्दा ठूलो बाधक रहेकाले यसलाई नियन्त्रण गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले लागुऔषधविरुद्ध प्रहरीले मात्र नभएर प्रत्येक घर, विद्यालय र समुदायको साझा अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले लागुऔषधमा परेका युवाको पुनःस्थापनाका लागि कोभिड-१९ को समयमा निर्माण गरिएका मोरङको रानी विराटनगर र झापाको काँकरभिट्टामा रहेको होल्डिङ सेन्टरलाई सुधार गृहको



रुपमा विकास गरी जिल्ला प्रशासन कार्यालय मातहत सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले युवा मुलुकको सम्पत्ति भएका उल्लेख गर्दै प्रदेश सरकारले दुर्व्यसनीविरुद्ध सचेतनामूलक कार्यक्रम आगाडि बढाएको बताउनुभयो । प्रतिनिधिसभाका सांसद सन्तोष राजवंशीले लागुपदार्थ दुर्व्यसनी समाज र राष्ट्रको साझा समस्या भएकाले यसको नियन्त्रणमा सबै जिम्मेवारीका साथ गर्नुपर्ने बताउनुभयो ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले सीमा क्षेत्रमा हुने लागुऔषधको ओसार पसार नियन्त्रण एवं दुर्व्यसन मुक्त समाज निर्माण गर्नु सबैको जिम्मेवारी भएको बताउनुभयो । मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र गृह मन्त्रालय सहसचिव सुमन घिमिरेले भौतिक पूर्वाधारको विकाससँगै दुव्यसनी मुक्त समाज निर्माण गर्न एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले युवा जागेमा समाज र राष्ट्र बन्ने हुनाले लागुऔषध नियन्त्रणमा सक्रिय रुपमा लाग्न आग्रह गर्नुभयो । उहाँले लागुऔषधको अवैध कारोबार र सीमापार तस्करीमा संलग्न अपराधीविरुद्ध शून्य सहनशीलता अपनाउनुका साथ कानुनको कडा दायरामा बताउनुभयो । रासस

# म्यानमार सरकारको 'महासद्धम्म जोतिकधज' धार्मिक उपाधिबाट डा लामा सम्मानित

काठमाण्डु । म्यानमार सरकारको 'महासद्धम्म जोतिकधज' धार्मिक उपाधिबाट खेन्पो छिमेद छेरिङ (डा ल्हारक्याल लामा) सम्मानित हुनुभएको छ । बौद्ध धर्मको शुद्धता, संरक्षण तथा विश्वव्यापी प्रचार-प्रसारमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै उहाँलाई सम्मान गरिएको हो ।


नेपालका लागि म्यानमारका राजदूत थान्त सिनले शनिबार काठमाडौंको साँखु-शङ्करापुर नगरपालिका-८ स्थित न्गाग्युर पल्युल लिङ मोनेस्ट्री, मणिचुडमा आयोजित विशेष समारोहबीच उहाँलाई सम्मान प्रदान गर्नुभएको हो ।

म्यानमार सरकारले प्रत्येक वर्ष बुद्ध धर्मको शास्त्रीय अध्ययन, साधना अभ्यास तथा बुद्ध शासनको संरक्षण र प्रवर्द्धनमा विशिष्ट योगदान




दिने भिक्षु, भिक्षुणी तथा श्रद्धालु व्यक्तित्वहरूलाई विभिन्न धार्मिक सम्मान प्रदान गर्दै आएको छ ।

कार्यक्रममा म्यानमारका राजदूत, उपप्रमुख (डीसीएम) तथा प्रथम सचिव, श्रीलंकाका राजदूत, भारतीय दूतावासका उपप्रमुख (डीसीएम), अमेरिकी दूतावासका प्रथम सचिव, बैंगलोरस्थित महाबोधि सोसाइटीका अध्यक्ष तथा महासचिव, अखिल भिक्षु महासंघका अध्यक्ष, योल्मो समुदायका सदस्यहरू तथा भुटानबाट डा. करम फुन्त्सोकको उपस्थिति थियो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# असन्तुष्टको सम्मान गरिनु पर्छ

पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई आफ्नै विश्वासपात्रहरुले पदमुक्त गर्न सक्रिय भएका छन् । सत्ताको शिखरमा रहेको बेला ओलीलाई देवत्वकरण गर्ने समर्थकहरु नै अहिले उनका लागि सर्वाधिक घातक बनेका छन् । आफैंले बनाएको सचिवालय समितिमा अल्पमतमा परेका ओलीलाई अध्यक्षबाट हट्न चरम दबाब दिइएको छ । पार्टीका कयौं इमान्दार र सक्षम नेताहरुलाई पाखा लगाएर सचिवालय समितिमा राखेका आसेपासेहरु अहिले उग्र बनेका छन् । हुन त उनी पनि धेरै लचिलो नभए पनि केही हदसम्म परिस्थितिलाई दृष्टिगत गरी अगाडि बढ्न चाहेका छन् । पूर्वराष्ट्रपति विद्या देवी भण्डारीको रोकिएको पार्टी सदस्यता नवीकरण गर्न ओली उदार भइसकेका छन् । ओलीलाई विस्थापित गर्न गत मंसिरमा भएको पार्टी अधिवेशनमा इश्वर पोखरेलको नेतृत्वमा विद्रोह भएको थियो । ओली विरुद्ध पोखरेलले अध्यक्षमा उम्मेदवारी दिएका थिए । त्यस बखत विरुद्धमा लागेकाहरुलाई उनले पार्टी छोड्ने स्थितिमा पुऱ्याएका थिए । चुनावमा कतिपय विरोधीहरुलाई टिकट समेत दिएको थिएन । आफ्ना विरोधीलाई अत्यन्त क्रुरतापूर्वक दमन गरेका ओलीलाई भगवान बताएर लाभ लिनेहरु अहिले पार्टीका लागि सर्वाधिक हानिकारक ओली नै रहेको निस्कर्षमा पुगेको देखिन्छ । नेकपाको अध्यक्ष बन्न उनले पार्टीको विधानलाई नै संशोधन गरेका थिए । त्यसमा साथ दिनेहरु ६ महिनामै उनलाई हटाउन विपक्षीहरु सित मिलेका छन् । पार्टी भित्र ओली विरुद्ध बलियो लवी बनेको छ । उनलाई विगतमा नै हटाउने प्रयास गरेकाहरु मध्ये अधिकांश पोलिटब्यूरो र केन्द्रीय सचिवालयमा छैनन् । एकलौटी भनेर ओलीले बनाएको प्रभावशाली निकायमा नै अल्पमतमा परेका छन् । ओली यति कमजोर हुनुको खास कारण प्रतिनिधि सभामा कमजोर प्रदर्शन, सरकारको कोपभाजन रहेको छ । ओलीकै कारण सरकारले एमालेलाई लक्षित गरी अनेक कारबाही गरेको र कयौं नेताहरुलाई कारबाहीको दायरमा ल्याउने त्रास बढेको छ । सरकारले ओलीलाई पक्राउ समेत गरेको थियो । केही समय उनलाई उपत्यका बाहिर जान रोक लगाएको थियो । ओली विरुद्ध पार्टीकै युवाहरु पनि लागेका छन् । जेन- जी आन्दोलनको सम्पूर्ण दोष ओलीमाथि लगाउन आन्दोलनकारीहरु सफल भए । त्यसबाट मुक्त हुन पनि ओलीले पद छाड्नु पर्ने दबाब छ । यस अघि नै नेपाली कांग्रेसमा विशेष महाधिवेशन गरी तत्कालीन सभापति शेरबहादुर देउवा समेत उनका निकटहरुलाई नेतृत्वबाट अलग गरिसकेको छ । प्रतिनिधि सभा चुनावमा गगन कुमार थापाको नेतृत्वमा कांग्रेस सहभागी भएपछि देशमा दोस्रो दल बन्न सफल भएको तर्क गरिदैंछ । एमाले भित्र पनि ओली बिना चुनावमा गएको भए हालको भन्दा राम्रो अवस्था रहने दाबी युवा नेताहरुको छ । समग्रमा पावरमा रहेको बखत ओलीले गरेका हैकमवादी क्रियाकलापप्रतिको आक्रोश भड्केर आजको स्थिति आएको छ । एमालेका अधिकांश नेता, कार्यकर्ताहरुको भावनालाई अध्यक्ष ओलीले सम्मान गर्नुपर्छ । त्यसैमा उनको पनि भलो हुनेछ ।

# सिमाना विवाद र सुगौली सन्धि



श्रीमन नारायण

सिमाना, एउटा सम्वेदनशील विषय हो । यसलाई मुद्दाको रुपमा उठान गर्नु भन्दा पूर्व आफ्को नक्सा र प्रमाणलाई बलियो एवं अकाटय बनाउनु आवश्यक हुन्छ । आफनो शासन सत्ता टिकाउन तथा दल भित्रको आन्तरिक कलहलाई कजोर पार्न हतार हतारमा सिमाना जस्तो विषयलाई विवादमा ल्याउनु दुरदर्शिता हुँदैन । नेपालको संविधान २०७२ तात्कालिन संविधान सभाको तीनचौथाई बहुमतवाट जारी गरिएको थियो । त्यतिबेला "फास्ट ट्र्याक" मार्फत संविधान जारी गर्ने अडान नेकपा एमालेका अध्यक्ष के.पी.शर्मा ओलीले नै लिएका थिए । त्यस संविधानको अनुसूचि-१ मा निशानछाप भित्र राखिएको नेपालको नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभागलाई राखिएको थिएन । नेपालको नापी विभागवाट जारी गरिएका नक्साहरु र विगत साढे सात दशकमा जारी भएका नेपालका संविधानहरुमा पनि यस भूभागलाई नेपालको नक्सा भित्र राखिएको थिएन तर वि.सं.२०७७ (सन् २०२०) मा सत्ताधारी नेकपा भित्रको अन्तरकलह माथि विराम लगाउन तत्कालिन प्रधानमन्त्री र नेकपाका अध्यक्ष के.पी.शर्मा ओलीले केही सल्लाहकारको सुझावमा नयाँ नक्सा जारी गर्न लगाई राष्ट्रवादको कार्ड खेले । यो एउटा यस्तो मुद्दा थियो जसको विरोध मधेशी दलहरु पनि गर्न सकेनन् । नक्सा जारी गरि सकेपछि प्रमाण खोज्ने काम भैरहेको छ । नेपालको नक्सालाई उत्तरी छिमेकी चीनले पनि मान्यता दिएको छैन । नयाँ नक्साको भारीलाई नेपालले बोकी हिडन गाह्रो भएको छ किनभने यसको समाधान संभव छैन, बिसाउन यस कारण गाह्रो छ कि अब यो देशवासीको निम्ति चासोको विषय बन्न गएको छ ।

नदीको कटान तथा प्रवाहका कारण सिमाना विवाद उत्पन्न हुनुलाई स्वभाविकै मानिन्छ । ऐतिहासिक तथ्य, प्रमाण एवं नक्सा हुनेले आफनो भूभाग पाउनुपर्छ । नेपाल-भारत संयुक्त प्राविधिक समितिले २६ वर्षसम्म लगातार गरेको १८२ स्ट्रिप म्याप्सका, सुस्ता जस्ता ठाउँमा नदीको कटान र प्रभावका कारण समस्या देखिएको छ । संयमित तर सक्रिय कुटनीतिद्धारा द्धिपक्षीय समझदारीमा पुग्न निरन्तर प्रयास जारी राख्नुपर्छ । सीमा क्षेत्रलाई राजस्व असुल्ने मुख्य आधार र यसैसित सम्बन्धीत गतिविधि नियन्त्रण गर्नमा मात्रै हामी सिमित रहयौ । परराष्ट्र सम्बन्ध, सिमा र राष्ट्रिय सुरक्षाको सवालमा देशभित्र आम सहमति कायम हुनु आवश्यक छ । राजनीतिक लाभको निम्ति संवेदनशील मुद्दाको समाधान नगर्ने बरु यसलाई राजनीतिक मुद्दा बनाएर लामो समय सम्म चुनावी लाभ लिने प्रवृति कम घातक छैन । सिमाना विषयको समाधान शान्तिपूर्ण वार्तावाट नै संभव छ ।


भारतले भन्ने लिपुलेक पासलाई सन् १९५४ देखि नै कैलाश मानसरोवर यात्राका लागि प्रयोग गर्दै आएको निरन्तरको मार्ग भएको भन्दै नेपालको क्षेत्रीय दावीलाई अपुष्ट र कृत्रिम विस्तारको संज्ञा दिएको छ । सन् २०१५ मेमा कालापानी नजिकको लिपुलेक भन्ज्याङ्गवाट व्यापार प्रवर्द्धन, तीर्थाटन तथा आवागमन सुचारु गर्न भारत र चीनले संयुक्त विज्ञप्ति नै जारी गरेको थियो । चीनले त्यतिबेला पनि नेपालसित प्रमाणित गर्न भनेको थियो । सन् १९५५ मा नेपाल-चीन बीच दौत्य सम्बन्ध कायम भएको थियो जबकी भारत र चीनबीच लिपुलेक सम्बन्धी सम्झौता १९५४ नै भएको थियो । तसर्थ पनि चीनले प्रमाण मागेको हुन सक्छ ।

सन् १९९९ मा तत्कालीन भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमणको वेला लिपुलेकलाई व्यापारिक नाकाको रुपमा विस्तार गर्ने सहमती भएको थियो । सन् २००५ मा पनि भारत-चीन बीच लिपुलेक भन्ज्याङ्गलाई सीमा पिलर विन्दु मान्ने सहमती भएको थियो । उपरोक्त सहमतिवाट हाम्रा सरकारहरु अनभिज्ञ रहने कुरै भएन ।

नेपाल र भारतबीचको सम्बन्धको इतिहास आत्मनिर्भरता त्यसका विविधता, विशेषता तथा दुई देशका जनता बीचको सम्बन्ध र मुल्य र मान्यतालाई समेत ध्यानमा नराखी अतिवादी चिन्तनको प्रदर्शन गर्नुलाई अदुरदर्शिता नै भन्नुपर्छ ।

नेपालका प्रसिद्ध इतिहासकार बाबुराम आचार्यले आफनो पुस्तक "नेपालको ऐतिहासिक रुपरेखा" मा सुगौली सन्धीको बारेमा विस्तृत रुपमा चर्चा गरेका छन् ।

सुगौली सन्धि-नालापानीको हारको समाचार पछि काठमाण्डौं दरबारले अमरसिंहलाई पठाएको पत्रमा बुटवल पाल्पा र स्युराजका जुन-जुन ठाउँको निम्ति झगडा उठेको थियो । ती सबै र बारा जिल्लाका विवादग्रस्त बाईस गाउँ अंग्रेजहरुलाई दिएर भए पनि तुरन्त सन्धि गर्नु भन्ने स्पष्ट आदेश थियो । उक्त आदेशमा यदि उक्त क्षेत्रहरु दिदा पनि अंग्रेजहरु मान्दैनन भने देहरादुन तथा सम्पूर्ण तराई छोडिदिनु र यति गर्दा पनि सन्धि हुन सकेन भने देहरादुन देखि सतलजसम्मको सम्पूर्ण ईलाका छोडिदिनु भन्ने कुरा पनि थियो । तर अमरसिंह थापा एक पटक पुनः लडाई गर्न चाहन्थे । १ अप्रैल १८१५ ई.को दिन ईष्ट इण्डिया कम्पनीद्धारा नेपाली सैनिक हताहत भएपछि भक्ति थापाले पनि अमरसिंहलाई सम्झौता गर्न सुझाव दिए । अन्तत : १५ मईको दिन अल्मोडाको पतन र बम शाहको आत्मसमर्पणको सूचना प्राप्त भएपछि ब्रिटिस सैन्य कमाण्डर अक्टरलोनीसँग ९ बुँदे सम्झौतामा अमरसिंह थापाले हस्ताक्षर गरे । यसवाट नेपालको भुगोल विस्तारको क्रम मात्रै रोकिएन अपितु नेपाली सैनिकको मनोबल पनि कमजोर हुन थालेपछि नेपाल सरकारले युद्ध जित्ने आशा मरि सकेको थियो । कम्पनीका अधिकारीहरुसँग सन्धिका कुरा चलाउन राजगुरु गजराज मिश्रलाई मई १८१५ ई.मा लालमोहर सहितको आवश्यक अधिकार पत्र सहित पठाईयो । सन्धिको विषयमा कम्पनी सरकारतिरवाट खटिएका मेजर ब्रेडशाले मुख्यत : चारवटा शर्तहरु राखे । काठमाण्डौं दरवारमा यस वारे छलफल पनि चल्यो तर अन्ततः ईष्ट इण्डिया कम्पनीकै शर्तमा सुगौली सन्धि भयो । सुगौलीमा २८ नोभेम्बर १८१५ ई.को दिन ईष्ट इण्डिया कम्पनीतिर कुरा गर्न खटिएर आएका लेफिटनेन्ट कर्नल ब्रेडशाले हस्ताक्षर गरिदिए । यस नौ सूत्रीय सन्धि अनुसार ।



१. नेपालका राजा र ईष्ट इण्डिया कम्पनीको बीच सदाकाल मैत्री र शान्ति-सम्बन्ध हुने भयो ।
२. युद्ध भन्दा पूर्व झगडा उठेका सम्पूर्ण भू-भाग उपर नेपालका राजाले आफनो दावा छोडनुपर्ने र ती भू-भाग उपर ईष्ट इण्डिया कम्पनीको प्रभुत्व रहने भयो ।
३. नेपालका राजाले तल्ल उल्लेख गरिएका क्षेत्र उपर सदाको निम्ति ईष्ट इण्डिया कम्पनीको अधिकार मान्नु पऱ्यो ।
क. काली र राप्तीबीचको तराई
ख. बुटवल खासलाई छोडी राप्ती र गण्डकी बीचको सम्पूर्ण तराई
ग. ब्रिटिस सरकारद्धारा अधिकृत गण्डक र कोशी बीचको तराई
घ. मेची र टिस्टाबीचको तराई
ङ. नगरी कोट र त्यसको सम्पूर्ण ईलाका एवं मोरङवाट पहाडतिर जाने नगरकोटको घाटीको साथै त्यसको नजिकको समस्त स्थल एवं मेची देखि पुर्वको सम्पूर्ण पहाडी क्षेत्र यस भागवाट २ डिसेम्वर देखि ४० दिन भित्रै समस्त नेपाली सेना हटनु ।
४. माथिको धारा अनुसार लिइएका भू-भागद्धारा हानीमा परेका नेपाल-राज्यका सरदार र भारदारहरुको क्षतिपूर्ति गर्न ब्रिटिस सरकारले साला खाला २ लाख रुपैयाँ प्रतिवर्ष दिने भयो र यो रकम आफनो तजविज अनुसार बाँडन नेपालका राजा स्वतन्त्र भए ।
५. नेपालका राजाले कालीदेखि पश्चिमका प्रदेस र त्यसका निवासीहरुसित भविष्यमा पनि कुनै सरोकार राख्न पाएनन् ।
६. नेपालका राजाले सिक्किमका राजाको अधीन भएको कुनै भाग उपर केही किसिमको दावा गर्न नपाउने भए, र साथै पछि उक्त दुवै राजा वा उनका प्रजामा केही झगडा उठे त्यसको निर्णय ब्रिटिस सरकारको मध्यस्थतावाट हुने भयो ।
७. ब्रिटिस सरकारको अनुमति बिना नेपालका राजा कुनै ब्रिटिस, युरोपियन वा अमेरिकनलाई आफनो नोकरीमा राख्न नसक्नेभ ए ।
८. दुवै देशको शान्ति र सुरक्षाका निमित दुवै सरकारले राजदुत (मिनिस्टर) को विनिमय स्वीकार गर्नुपऱ्यो ।
९. यस सन्धि उपर पन्ध्र दिनभित्रै नेपालका राजाको स्वीकृतिको हस्ताक्षर आवश्यक भयो र त्यसपछि लेफिटनेन्ट कर्नल ब्रेडशा मार्फत यस उपर २० दिन भित्रै वा संभव भए यस भन्दा पनि शीघ्र नै गभर्नर जनरलको स्वीकृति लिईने भयो ।

निर्धारित समयभित्र नेपालको तर्फवाट सन्धि प्रस्ताव उपर स्वीकृत प्राप्त भएन । दरवारका केही सल्लाहकार हरुले ल्हासा स्थित चिनियाँ प्रतिनिधि मार्फत पेकिंगवाट सैन्य सहायताको माग भयो । चिनियाँ फौज दिगार्यीको नेतृत्वमा पठाइएको सूचना पेकिंगले पठायो तर सन १८१६ मार्चसम्म चिनियाँ सैनिक नेपालका सहयोगमा आउन सकेन । यता अंग्रेजले फरवरी १८१६ मा २० हजार भारतीय र युरोपेली फौज सहित चार भागमा विभाजित भएर नेपाल माथि आक्रमण शुरु गऱ्यो । ईष्ट इण्डिया कम्पनीको फौज मकवानपुर गढीसम्म तोप सहित पुगि सके पछि बाध्य भएर दरवारले चन्द्रशेखर उपाध्यायलाई ३ मार्च १८१६ मा नेपाल सरकारद्धारा लालमोहर सहित स्वीकृत भएको सुगौली प्रस्तावित सन्धिका साथ अक्टरलोनीको छाउनी पुगे । रिसाएर अक्टोरलोनीले पुनरावर्तित युद्धको बढावामा अंग्रेज फौजले बढेको सबै भूभाग अब नेपालले छोडनुपऱ्यो भने शर्त राखे, नेपालले यस प्रस्तावलाई पनि मान्नुको विकल्प थिएन तर अंग्रेजहरु स्वयं नै पहाडी क्षेत्र लिन चाहेन ।

सन्धि अनुसार दुई लाख रुपैयाँ प्रतिवर्ष नेपल भारदार हरुको निमित पठाई दिनु कम्पनीले जुन तराईका भाग लिने भएको थियो । पछि त्यसको आम्दानीवारे विचार गर्दा उक्त जमीनवाट यो रकम उठाउन समेत गाह्रो भएकोले केही विवादग्रस्त भूभाग र दुई देशको सिमाना बनाउन आवश्यक परेको थोर-बहुत जमीन वाहेक कम्पनीले त्यसै वर्ष डिसेम्बर १८१६ मा कोशी र गण्डक एवं गण्डक र राप्ती सम्मका नेपाली तराई भूभाग नेपालीलाई नै फिर्ता दिन स्वीकार गऱ्यो त्यसभन्दा पश्चिमको तराईले भूभागको सानो टुक्रा अवधका नवाव-वजीरलाई दिईयो । त्यसपछि अंग्रेजले नेपाललाई सलाना २ लाख रुपैयाँ दिनु परेन ।

सन् १८५७ मा भारतीय सिपाहीहरुले अंग्रेज शासकको विरुद्धमा विद्रोह गरेपछि भारतको लखनउमा त्यहाँ सरकार विरोधी आन्दोलन तीब्र भएको थियो । अंग्रेजहरुले सिपाहीलाई प्रयोग गर्ने गोलीमा गाई र सुगुरको छाला प्रयोग भएकोले भारतीय सैनिकले विद्रो गरे । नेपालले पनि आफनो सैनिक त्यहाँ नपठाउन उनीहरुले राजा प्रधानमन्त्रीलाई आग्रह गरेका थिए । अंग्रेज शासक कर्नल रेमसेको अनुरोधमा राजा प्रधानमन्त्री जङ्गबहादुर राणाले ६ हजार गोरखाली सैनिक ब्रिटिस शासकको समर्थनमा पठाएका थिए । अन्तत : लखनउ विद्रोह असफल भयो । अवध नवाव पनि विद्रोहकै पक्षमा थिए तसर्थ उनको समपूर्ण र अधिकार खोसियो ।

१ नोभेम्बर १८६० मा नेपाल र कम्पनी सरकार बीच एक नयाँ सम्झौता भयो । उक्त सन्धिको धारा २ अनुसार ब्रिटिस सरकारद्धारा काली र राप्ती नदी बीच अवस्थित सबै भूभाग तथा राप्ती नदी र गोरखपुर जिल्लाको मध्य अवस्थित तराईको भूभाग, जुनकी सन् १८१६ सम्म नेपाल राज्यको अधिन थियो र सुगौली सन्धि पछि भारतमा आएको थियो, नेपालको राजालाई फिर्ता गरियो । यसलाई नेपालमा नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कन्चनपुर) भनिन्छ ।

धारा ३ मा सर्वेक्षणको निम्ति ब्रिटिस आयुक्तहरुद्धारा सर्वे गरिएको काली अथवा शारदा नदीको पूर्व तिर अवस्थित बागोवरा ताल भन्दा उत्तरमा तल्लो पहाडी भूभागसम्मको सीमा रेखा, जहाँनिर सिमाना चिन्ह लगाइएको छ, अब देखि ब्रिटिस प्रान्त अवध र नेपाल महाराजका क्षेत्रको सिमाना हुनेछ, उल्लेख छ । उक्त सम्झौतामा नेपालको तर्फवाट जंग बहादुर राणा र इण्डियावाट लेफटिनेन्ट कर्नल जार्ज रेमसे र जिसीवीले हस्ताक्षर गरेका थिए ।

धारा ३ को उपरोक्त बुँदालाई राम्ररी विचार गरेर समीक्षा हुनु आवश्यक छ । सम्झौतामै ईष्ट इण्डिया कम्पनीका शासकद्धारा बनाइएको नक्सा र दुवै देशको सहमतिमा गाडिएको सिमा स्तम्भलाई सिमाना बिन्दु मानिएको छ । सन्धिको उपरोक्त प्रावधानमा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई भारततिर गाभिएको छ । सुगौली सन्धि अघिको भूभाग सुगौली सन्धि र नयाँ सन्धि बीचको ४४ वर्षको अवधिमा कोरिएको, नयाँ नक्साबीच फरक छ । हामीले दावी गर्ने भनेको नोभेम्बर १८६० पछिको भूभागमा नै हो । जबकी हाम्रो तर्फवाट दावी सन् १८१५ को नोभेम्बर भन्दा अघिको नक्साको आधारमा भई रहेको छ । सिमानाको विषयलाई कुटनीतिक तरिकाले समाधान गरौ ।

# सुरक्षित, मर्यादित र स्वस्थ कार्यस्थल: समृद्ध समाजको आधारशिला



सुजीत कुमार झा

मानव जीवनको एक महत्वपूर्ण र सक्रिय हिस्सा विभिन्न पेसा, व्यवसाय तथा रोजगारीमा बित्ने गर्दछ । जीविकोपार्जनका लागि मानिसले आफ्नो ज्ञान, सीप, क्षमता र अनुभवको प्रयोग गर्दै दैनिक रूपमा कार्यसम्पादन गरिरहेको हुन्छ । यस क्रममा उसले संस्थागत नियम, कार्यविधि, अनुशासन र व्यवस्थापनका ढाँचाभित्र रहेर काम गर्नुपर्छ । कार्यस्थलमा साना-ठूला चुनौती आउनु स्वाभाविक भए पनि त्यहाँको समग्र वातावरणले व्यक्तिको कार्यसन्तुष्टि, उत्पादकत्व र स्वास्थ्यमा गहिरो प्रभाव पार्दछ ।

कार्यस्थल मात्रै आम्दानी गर्ने स्थान होइन, यो व्यक्तिको आत्मसम्मान, सामाजिक पहिचान र जीवनको गुणस्तरसँग प्रत्यक्ष जोडिएको क्षेत्र हो । यदि कार्यस्थल सुरक्षित, सम्मानजनक र सहयोगी हुन्छ भने कर्मचारीले आफ्नो क्षमता पूर्ण रूपमा उपयोग गर्न सक्छ । तर असुरक्षित, विभेदपूर्ण वा तनावपूर्ण वातावरणले व्यक्ति मात्र होइन, समग्र संस्था र समाजलाई पनि नकारात्मक असर पुऱ्याउँछ । त्यसैले सुरक्षित, मर्यादित र स्वस्थ कार्यस्थलको निर्माण आजको अपरिहार्य आवश्यकता हो ।

### सुरक्षित र मर्यादित कार्यस्थलको अर्थ

सुरक्षित कार्यस्थल भन्नाले केवल भौतिक दुर्घटनाबाट मुक्त वातावरणलाई मात्र बुझिँदैन । यसको अर्थ कर्मचारीलाई शारीरिक, मानसिक, भावनात्मक र सामाजिक रूपमा सुरक्षित बनाउने वातावरण हो । यस्तो कार्यस्थलमा हिंसा, विभेद, यौनजन्य दुर्व्यवहार, बुलिङ, अपमान वा कुनै पनि प्रकारको शोषणको स्थान हुँदैन ।

मर्यादित कार्यस्थलले प्रत्येक कर्मचारीलाई सम्मानित नागरिकका रूपमा व्यवहार गर्छ । त्यहाँ कर्मचारीको जात, लिङ्ग, धर्म, उमेर वा सामाजिक पृष्ठभूमिका आधारमा विभेद हुँदैन । सबैलाई समान अवसर, निष्पक्ष मूल्यांकन र सम्मानपूर्ण व्यवहार प्रदान गरिन्छ । यही वातावरणले कर्मचारीको आत्मविश्वास बढाउँछ र उसलाई आफ्नो सर्वोत्तम प्रदर्शन गर्न प्रेरित गर्छ ।

### नेपालको संवैधानिक र कानुनी आधार

नेपालले कार्यस्थललाई सुरक्षित र मर्यादित बनाउन संवैधानिक तथा कानुनी रूपमा महत्वपूर्ण प्रावधानहरू गरेको छ । नेपालको संविधानले समानताको हक, न्यायको हक, महिलाको हक तथा विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ । यसले प्रत्येक नागरिकलाई सम्मानपूर्वक काम गर्ने मौलिक अधिकार दिएको छ ।

यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ले कार्यस्थलमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारलाई स्पष्ट रूपमा अपराध मानेको छ । यसले पीडितलाई न्याय दिलाउने र दोषीलाई दण्डित गर्ने व्यवस्था गरेको छ ।

त्यस्तै, श्रम ऐन, २०७४ ले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निषेध गर्दै दोषी कर्मचारीलाई सेवाबाट हटाउनेसम्मको व्यवस्था गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नयाँ आचारसंहिताले पनि सम्मानजनक, सुरक्षित र हिंसारहित कार्यस्थल निर्माणलाई संस्थागत प्राथमिकतामा राखेको छ ।

यी कानुनी व्यवस्थाहरूले स्पष्ट सन्देश दिन्छन्– कार्यस्थलमा सुरक्षा र सम्मान कुनै सुविधा होइन, यो प्रत्येक नागरिकको अधिकार हो ।

### मानसिक स्वास्थ्य र मनोसामाजिक जोखिम

आजको आधुनिक कार्यजीवनमा मानसिक स्वास्थ्यको महत्व अत्यन्त बढेको छ । मानिसले कार्यस्थलमा मात्रै आफ्नो शरीर होइन, आफ्नो मन र भावना पनि लगानी गरिरहेको हुन्छ । यदि वातावरण तनावपूर्ण, अपमानजनक वा असुरक्षित हुन्छ भने त्यसले कर्मचारीको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्छ ।

अत्यधिक कामको बोझ, अस्पष्ट जिम्मेवारी, अपमानजनक व्यवहार, उत्पीडन, बुलिङ वा निरन्तर असुरक्षाको भावनाले कर्मचारीमा तनाव, चिन्ता र अवसाद बढाउँछ । यसलाई मनोसामाजिक जोखिम भनिन्छ । यस्ता जोखिमले व्यक्तिको आत्मविश्वास घटाउँछ, एकाग्रता कम गर्छ र दुर्घटनाको सम्भावना बढाउँछ ।

कमजोर मानसिक स्वास्थ्यले केवल व्यक्ति मात्र प्रभावित हुँदैन, यसको असर संस्थाको उत्पादकत्व, निर्णय क्षमता र आर्थिक परिणाममा पनि देखिन्छ । त्यसैले मानसिक स्वास्थ्यलाई अब व्यक्तिगत समस्या नभई संस्थागत जिम्मेवारीका रूपमा बुझ्नुपर्छ ।

### सुरक्षित कार्यस्थलका पाँच आधारभूत स्तम्भ

सुरक्षित र स्वस्थ कार्यस्थल निर्माणका लागि केही आधारभूत स्तम्भहरू अपरिहार्य छन् ।

**१. न्याय र निष्पक्षता**

कार्यस्थलमा सबै कर्मचारीलाई समान व्यवहार मिल्नुपर्छ । पुरस्कार र दण्ड पारदर्शी र निष्पक्ष हुनुपर्छ । अन्यायले कर्मचारीमा असन्तोष जन्माउँछ भने न्यायले विश्वास निर्माण गर्छ ।

**२. प्रभावकारी सञ्चार**

स्पष्ट र खुला सञ्चारले गलतफहमी कम गर्छ । माथिल्लो तहदेखि तल्लो तहसम्म संवादको सहज वातावरण हुनुपर्छ, जहाँ कर्मचारीले आफ्नो विचार र समस्या निसंकोच राख्न सकून् ।

**३. सहकार्य र समूह भावना**

सहयोगी कार्यसंस्कृतिले तनाव कम गर्छ । जब सहकर्मीहरूबीच विश्वास र सहकार्य हुन्छ, कार्यस्थल स्वस्थ र उत्साहजनक बन्छ ।

**४. निरन्तर सिकाइ र विकास**

कर्मचारीलाई आफ्नो सीप र ज्ञान अद्यावधिक गर्ने अवसर दिइनुपर्छ । तालिम, अभिमुखीकरण र वृत्तिविकासले कर्मचारीको आत्मविश्वास बढाउँछ ।

**५. सिर्जनशीलता र नवप्रवर्तन**

नयाँ सोच र प्रयोगलाई प्रोत्साहन गर्ने वातावरणले कर्मचारीलाई प्रेरित गर्छ । यसले कामलाई बोझ होइन, अवसरको रूपमा महसुस गराउँछ ।

### पेसागत असुरक्षाको विश्वव्यापी चुनौती

विश्व स्वास्थ्य संगठन र अन्तर्राष्ट्रिय श्रम संगठनका तथ्याङ्कहरू हेर्दा कार्यस्थल असुरक्षा विश्वव्यापी समस्या बनेको छ । हरेक वर्ष लाखौं मानिसको मृत्यु वा दीर्घकालीन स्वास्थ्य समस्या कार्यस्थलसँग सम्बन्धित दुर्घटना वा रोगका कारण हुने गरेको छ ।

अचम्मको कुरा के छ भने तीमध्ये ठूलो हिस्सा भौतिक दुर्घटनाभन्दा पनि मानसिक तनाव, अत्यधिक कामको बोझ र असुरक्षित कार्यसंस्कृतिका कारण हुने गरेको छ । यसले स्पष्ट पार्छ कि आजको युगमा हेल्मेट, मास्क वा भवनको सुरक्षाजत्तिकै मानसिक र भावनात्मक सुरक्षा पनि महत्त्वपूर्ण छ ।

### संगठनात्मक जिम्मेवारी

कुनै पनि संस्थाको पहिलो दायित्व आफ्ना कर्मचारीलाई सुरक्षित वातावरण दिनु हो । यो मात्रै कानुनी दायित्व होइन, नैतिक जिम्मेवारी पनि हो।

संस्थाले कार्यस्थलमा जोखिम पहिचान गर्नुपर्छ, नियमित मूल्यांकन गर्नुपर्छ र समस्या समाधानका लागि स्पष्ट संयन्त्र बनाउनुपर्छ । कर्मचारीलाई गुनासो राख्ने सुरक्षित प्रणाली उपलब्ध गराइनुपर्छ, जहाँ पीडितले प्रतिशोधको डरबिना आफ्नो कुरा राख्न सकून् ।

डिजिटल युगमा 'डिजिटल रिपोर्टिङ सिस्टम', 'अनलाइन गुनासो व्यवस्थापन' र 'पारदर्शी मूल्यांकन प्रणाली' जस्ता उपकरणहरूले जवाफदेहिता बढाउन मद्दत गर्न सक्छन् ।

### सुधारका व्यवहारिक उपायहरू

सुरक्षित कार्यस्थल निर्माणका लागि नीति मात्र पर्याप्त हुँदैन, व्यवहारिक कार्यान्वयन आवश्यक हुन्छ ।

पहिलो, कार्यबोझको उचित व्यवस्थापन गर्नुपर्छ । क्षमता भन्दा बढी जिम्मेवारीले कर्मचारीलाई थकित र तनावग्रस्त बनाउँछ ।

दोस्रो, कार्यस्थलको भौतिक वातावरण सुधार गर्नुपर्छ– पर्याप्त प्रकाश, हावा, सफाइ र आरामदायी संरचना अत्यन्त आवश्यक छन् ।

तेस्रो, कर्मचारीको मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ । काउन्सेलिङ, तनाव व्यवस्थापन तालिम र विश्रामका अवसर उपलब्ध गराइनुपर्छ ।

चौथो, लैङ्गिक संवेदनशीलता, दुर्व्यवहारविरुद्ध शून्य सहनशीलता र सम्मानजनक व्यवहारको संस्कार संस्थागत बनाइनुपर्छ ।

पाँचौं, नेतृत्व तहले उदाहरण प्रस्तुत गर्नुपर्छ । जब नेतृत्व स्वयं नैतिक र सम्मानजनक हुन्छ, संगठनको संस्कृति स्वतः सकारात्मक बन्छ ।

### समाज र राष्ट्रको समृद्धिसाग सम्बन्ध

सुरक्षित र मर्यादित कार्यस्थल मात्रै संस्थाको हितका लागि होइन, राष्ट्रको समृद्धिका लागि पनि आवश्यक छ । स्वस्थ र सन्तुष्ट कर्मचारीले बढी उत्पादन गर्छ, कम अनुपस्थित हुन्छ र संस्थाप्रति प्रतिबद्ध हुन्छ । यसले अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउँछ ।

अर्कोतर्फ, असुरक्षित कार्यस्थलले स्वास्थ्य खर्च बढाउँछ, उत्पादकत्व घटाउँछ र सामाजिक तनाव सिर्जना गर्छ । त्यसैले कार्यस्थलको सुरक्षा र सम्मानलाई खर्च होइन, लगानीका रूपमा बुझ्नुपर्छ ।

### अन्त्यमा

अन्ततः, सुरक्षित, मर्यादित र स्वस्थ कार्यस्थल आधुनिक सभ्य समाजको आधारशिला हो । जहाँ कर्मचारी सुरक्षित र सम्मानित हुन्छन्, त्यहाँ संस्था बलियो हुन्छ; संस्था बलियो भए अर्थतन्त्र बलियो हुन्छ, र अर्थतन्त्र बलियो भए राष्ट्र समृद्ध बन्छ ।

यसैले कार्यस्थलमा हुने शारीरिक, मानसिक, सामाजिक र मनोसामाजिक सुरक्षालाई कुनै औपचारिकता वा अतिरिक्त बोझका रूपमा होइन, दिगो विकासको मूल आधारका रूपमा स्वीकार गर्नुपर्छ । आजको आवश्यकता यही हो– प्रत्येक कर्मचारीले आफूलाई सुरक्षित, सम्मानित र मूल्यवान् महसुस गर्ने कार्यसंस्कृति निर्माण गर्नु । यही संस्कृतिले समृद्ध र मानवीय समाजको मार्ग प्रशस्त गर्नेछ ।

# १५औँ महाधिवेशनमा गगनलाई ठेगान लगाउने देउवा पक्षको चेतावनी



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेशको भेलामा शेरबहादुर देउवा पक्षीय नेताहरूले सभापति गगन कुमार थापाविरुद्ध आक्रोश पोखेका छन् ।

धनगढीमा आइतबार आयोजित प्रदेशस्तरीय भेलामा बोल्ने नेताहरूले सभापति थापाले पार्टीभित्र अराजकता र भ्रम फैलाएको भन्दै आगामी १५औँ महाधिवेशनमा उनलाई ठेगान लगाउने खुला चेतावनी दिएका छन् ।

कञ्चनपुर कांग्रेसका सभापति पदम बोगटीले सभापति गगन थापालाई लक्षित गर्दै आगामी महाधिवेशनमा बदला लिने चेतावनी दिए । 'तपाईंले जसरी ४० वर्ष दुःख गरेका नेताहरूलाई अपमान गरेर मुण्ड मुण्डका मान्छे जम्मा गरेर कांग्रेस कब्जा गर्न खोज्नुभएको छ, त्यो सफल हुँदैन। १५ औँ महाधिवेशनमा हामी नयाँ नेतृत्व लिएर आउँछौँ र तपाईंलाई देखाइदिन्छौँ', उनले भने ।


बोगटीले गगन थापाले डिजिटल प्रविधिका नाममा पुराना नेताहरूको हुर्मत लिएको भन्दै अब चुप लागेर नबस्ने बताए । पूर्वमन्त्री तथा पूर्व केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले सभापति थापाले सङ्कलन गरेको भनिएको हस्ताक्षरलाई नक्कली र टोटलको खेतीको संज्ञा दिए ।

'पार्टी कार्यालयमा आउन नसकेर होटलमा केन्द्रीय समितिको बैठक बस्ने र १३०० नक्कली हस्ताक्षर देखाएर भ्रम फैलाउने ? यस्ता मान्छेहरू आफैँ बिलाएर जान्छन्,' उनले भने ।

उनले शेरबहादुर देउवा नेपालकै अभिभावक भएको र उनकै कारण कांग्रेस ठुलो पार्टी बनेको दाबी गरे । सुदूरपश्चिम प्रदेश सभापति वीरबहादुर बलायरले पार्टीको विधान र अनुशासन नमान्नेहरूलाई पार्टीबाटै निकाल्ने चेतावनी दिए । गगन थापाले पार्टी सदस्यता र लेवीका विषयमा भ्रम फैलाइरहेका छन्। हिजो महामन्त्री हुँदा नवीकरण गर भन्ने, आज त्यही कुराको विरोध गर्ने ? यस्तो रंगीन कुराले पार्टी चल्दैन। कांग्रेसको जरा उखेल्नेलाई हामीले फ्यात्त फालिदिन्छौँ,' उनले भने ।

संस्थापन पक्षका नेताहरूको मात्रै बाहुल्यता रहेको उक्त भेलाको ब्यानरमा पूर्वसभापति शेरबहादुर देउवाको ठूलो तस्बिर राखिएको भए पनि वर्तमान सभापति गगन कुमार थापाको तस्बिर भने हटाइएको थियो । भेलामा सहभागी अधिकांश नेताहरूले थापाले पार्टीभित्र समानान्तर गतिविधि चलाउन खोजेको आरोप लगाउँदै सुदूरपश्चिमका कांग्रेसहरू देउवाको पक्षमा उभिने उद्घोष गरे ।

# संघीयताको विकल्प अन्य हुन सक्दैन : मुख्यमन्त्री शाह



*देशमा सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था कार्यान्वयनमा आएको १९ वर्ष भएको छ । विसं २०६२/६३ मा भएको राजनैतिक परिवर्तनको फलस्वरुप नेपाललाई विसं २०६५ जेठ १५ गते सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक घोषणा गरिएको थियो। यस अवधिमा जन अपेक्षाअनुसारको काम नभइरहँदा भने यो व्यवस्थाप्रति कतिपय कोणबाट बेलाबखत नकारात्मक टीकाटिप्पणी सुनिने गरेका पनि छन् ।*

*विशेष गरेर राजनैतिक स्थिरता तथा सुशासन कायम हुन नसक्दा व्यवस्थाप्रति नै नकारात्मक टीकाटिप्पणी गर्ने गरिएको छ । तर, पनि लोकतान्त्रिक गणतन्त्रिक व्यवस्थालाई उत्कृष्ट व्यवस्था मानिन्छ । संवैधानिक व्यवस्थाअनुसार तीन तहका सरकारले काम गरिरहे पनि आ-आफ्नो अधिकार प्रयोगका क्रममा कतिपय सन्दर्भमा पनि बेलाबखत असमझदारी पनि देखिने गरेको देखिन्छ ।*

*गत भदौ २३ र २४ गते भएको ऐतिहासिक एवं अकल्पनीय 'जेनजी' आन्दोलनको परिणामस्वरुप तत्कालीन प्रतिनिधिसभा विघटन भई ताजा जनादेशका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भयो । निर्वाचनमार्फत जनताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई प्रतिनिधिसभामा सबैभन्दा ठूलो दलका रुपमा दुई तिहाई मतको नजिक स्थापित गरिदिएका छन् । लोकतन्त्रमा जनताको जनादेश नै सर्वेसर्वा हुन्छ । प्रधानमन्त्री वालेन्द्र शाहका नेतृत्वमा संघीय सरकारले जेनजी आन्दोलनको भावनालाई मूर्तरुप दिँदैछ । रुपान्तकारी युगमा देशलाई प्रवेश गराउँदै छ ।*

*यस वर्ष यही जेठ १५ गते विविध कार्यक्रमका साथ भव्य रुपमा गणतन्त्र दिवस मनाइँदैछ । यसै दिवसका सन्दर्भमा सङ्घीय व्यवस्था कार्यान्वयनपछि प्रदेश सरकारले गणतन्त्रलाई संस्थागत गर्न गरिरहेको पहललगायत विषयमा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री एवं नेपाली कांग्रेसका नेता कमलबहादुर शाहसँग राससका उपसमाचारदाता सिद्धराज भट्ट र स्थानीय समाचारदाता सुरेन्द्रबहादुर ताम्राकारले लिनुभएको अन्तर्वार्ताः*

**नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था कार्यान्वयनमा आएको १९ वर्ष भयो । तपाईंको अनुभवमा यो अवधिमा व्यवस्थाका सकारात्मक पक्ष के पाउनुभयो ?**

- मुलुक सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा गइसकेपछि यो व्यवस्थामा विशेषगरी जनताले विकासका सन्दर्भमा र आफ्ना हक अधिकारलाई स्थापित गर्न यो अवधिमा स्पष्ट रूपले अगाडि बढेको देखिन्छ । यो सबै प्रदेश संरचनाअन्तर्गत मुलुकको संविधान र कानुनले निर्दिष्ट गरेका कुराअनुसार तीन तहका सरकार पनि अगाडि बढेको देखिन्छ। तर यो हुँदाहुँदै पनि केही समस्या एवं जटिलताहरु देखिने गरेका पनि छन् ।

समग्र संसदीय प्रक्रियाको क्षेत्रमा हाम्रा विभिन्न असहमतिलाई पनि संवाद र छलफलको माध्यमबाट निकास दिने, मुलुकलाई जोडेर लैजाने र नागरिकको चाहनालाई सम्बोधन गर्ने सन्दर्भमा पनि यो व्यवस्थापछि धेरै कुरा अगाडि बढेको छ भन्ने मैले महसुस गरेको छु । जहाँसम्म आर्थिक वृद्धिका कुरा छन् । साथसाथै पूर्वाधारका कुराहरू, शिक्षा, स्वास्थ्यमा पनि आ-आफ्नो क्षेत्राधिकारभित्र रहेर कामहरु अगाडि बढेका छन् । विकास निर्माणको प्रक्रियालाई सबै तहसँग जोडिने सन्दर्भमा पनि यो बीचको समयावधिले काम गरेको छ ।

**यो व्यवस्थाको सहज कार्यान्वयनमा चुनौतीको अनुभव गर्नुभयो ?**

- चुनौतीका सन्दर्भमा भन्नुपर्दा केही ऐन नियमहरू संशोधनको प्रक्रियामा जाँदै गर्दा धेरै विलम्ब हुने, लामो समय लाग्ने परिस्थिति विगतमा रह्यो । यसलाई हामीले सुधार गर्न सकेनौँ । त्यसका साथसाथै तीन तहका सरकारको जुन अधिकार क्षेत्रहरु छ, त्यो अधिकार क्षेत्रका सन्दर्भमा पनि स्पष्टता नभएका कारण केही अन्योलता सिर्जना भएको देखिन्छ ।

त्यसका साथसाथै संविधानले निर्दिष्ट गरेका केही अधिकार क्षेत्र, अधिकार प्रत्यायोजनका सन्दर्भमा पनि केही जटिलता देखिएको अनुभव भइरहेको छ । कतिपय सन्दर्भमा आवश्यक र स्पष्ट ठोस नीति नबनेका कारणले पनि केही समस्या र जटिलता पनि देखिन्छन् ।

**गणतन्त्र संस्थागत गर्नका लागि प्रदेश सरकारबाट भइरहेका प्रयासका बारेमा केही बताइदिनु हुन्छ ?**

- यो गणतन्त्र जनताका लागि नै हो । जनताले नै गणतन्त्र ल्याएका हुन् । मूल गणतन्त्र जनताले ल्याएका कारणले जनतालाई नै विश्वासमा लिएर लैजाने वातावरण हामीले निर्माण गर्नुपर्छ । त्यसका सन्दर्भमा नागरिक अधिकारका आवाज, नागरिकले राखेका चाहनालाई स्थापित गर्न हामीले विभिन्न कार्य अगाडि बढाएका छौँ । चाहे नागरिक तहसँगको संवाद होस्, चाहे अरू स्थानीय तहका जनप्रतिनिधिसँगको संवाद होस्, सङ्घीय प्रदेश सबैका बीच सौहार्द्रपूर्ण वातावरण बनाएर नै हामी अगाडि बढेका छौँ । यसको आवाज राज्यका निकायसम्म पुग्न सकेको थिएन, ती निमुखा पछाडि परेका जनताका आवाज राज्यका निकायले सुन्ने र त्यो तहसम्म पुऱ्याउने वातावरण पनि हामीले निर्माण गर्दै आएका छौँ ।

गणतन्त्रिक व्यवस्थामा विकास निर्माण, अधिकार, प्रतिनिधित्वलगायत जनचाहना पनि सँगसँगै अगाडि बढाउनुपर्ने हुन्छ । जनताका स्वतन्त्रताका अधिकार पनि अगाडि बढाउनुपर्ने हुन्छ । व्यक्तिले पाउने न्यायका कुराहरुलाई पनि अगाडि बढाउनुपर्ने हुन्छ । यी सबै कुरामा प्रदेश सरकारले काम गरिरहेको छ । साधनस्रोतले भ्याएसम्म जनचाहना अनुसारका काम गर्न सरकार प्रतिबद्ध भएर लागेको छ । उनीहरुको भावनाअनुसार काम गर्न सकिएमा मात्र यो व्यवस्थालाई संस्थागत बनाउनमा मद्दत पुग्छ ।

**संघीय व्यवस्थाप्रति कतिपय अवस्थामा नागरिक तहबाट नकारात्मक टिप्पणी पनि सुनिने गरेका छन्, यस्ता टिप्पणी किन आउन थाले होलान् ?**

- स्वाभाविक रूपमा मुलुक सङ्घीयतामा गइसकेपछि विभिन्न कोणबाट सङ्घीयताप्रति जोखिम भएको देखिन्छ। यसमा केही कमीकमजोरी रहे । हामी जनप्रतिनिधि तथा नेतृत्व तहले मुलुकको संविधानको भावनामा काम गर्न नसकेका कारण केही प्रश्न उत्पन्न भएका छन् । तर, अब गणतन्त्र संविधानको विकल्प, सङ्घीयताको विकल्प अन्य हुन सक्दैन भन्ने कुरामा जनतामा पनि विश्वास छ। जुन जनतालाई 'डेलिभरी' दिएर विश्वास गर्ने वातावरण निर्माण गर्नुपर्ने हो, त्यसमा हामी कहीँ न कहीँ चुकेका छौँ भन्ने महसुस हामीले गरेछौँ । र अब त्यो सबै कुरालाई बुझेर अगाडि बढ्नुपर्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा मुलुक गइसकेपछि केही नभएको भनेर जसरी भाष्य निर्माण गर्ने काम कतिपयबाट हुने गरेको छ, त्यो चाहिँ गलत छ। यो व्यवस्था विश्वकै उत्कृष्ट र लोकतान्त्रिक छ।

**प्रदेश तहको सरकारलाई कतिपय विषय सन्दर्भमा संघीय सरकारबाट अधिकार कार्यान्वयनका क्रममा बाधा अवरोध भइरहेका भन्ने सुनिने गरिएको पनि छ । किन यस्तो भइरहेको जस्तो लाग्छ ?**

-कतिपय ऐन नियमहरू सङ्घले पनि अझैसम्म निर्माण गर्न नसकेको अवस्था छ । चाहे शिक्षा होस्, चाहे निजामतीसँग जोडिएका कुराहरु हुन् । यस्तै प्रदेशलाई प्रत्यायोजन गर्ने, सुशासन कायम गर्ने सन्दर्भमा तथा प्रहरी प्रशासन, वन ऐन नियम नियमावलीका कुरामा कहीँ न कहीँ सङ्घीय सरकारले जुन गतिमा काम गर्नुपर्ने हो त्यो गतिमा काम गर्न सकेन कि भन्ने हामीलाई पनि आभास भइरहेको छ। व्यवस्थाप्रतिको आस्था र विश्वासलाई थप बलियो बनाउने हो भने आ-आफ्नो अधिकार कार्यान्वयनमा देखिएका अन्योलता हटाउन सबै तहका सरकारले आपसी समन्वय एवं सहकार्य गरेर अघि बढ्न जरुरी भइसकेको छ।

**अन्त्यमा गणतन्त्र दिवसको अवसरमा प्रदेशवासीलाई के सन्देश दिन चाहनुहुन्छ ?**

- गणतन्त्र दिवसको अवसरमा सर्वप्रथम त सम्पूर्ण सुदूरपश्चिम प्रदेशवासीमा शुभकामना व्यक्त गर्न चाहन्छु । अहिलेको संवैधानिक व्यवस्थाभित्र रहेर नै यो मुलुकलाई बलियो एवं समृद्ध बनाउने हो। यो व्यवस्थाभित्र काम गर्ने क्रम एवं शैलीमा भएका कतिपय कमीकमजोरी, गल्तीहरूलाई अब नदोहोरिने गरेर नै एउटा सही संयन्त्र बनाएर हामी अगाडि बढ्नुपर्ने हुन्छ। र, त्यो दिशामा राज्य अगाडि बढ्छ।

राज्यलाई जहिले पनि नागरिक तहबाट सचेत गराउने, सल्लाह-सुझाव दिने कुराहरु निरन्तर निर्बाध रुपमा भइराख्नुपर्छ । नागरिक तह र राज्य मिलेर नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन हामी सबै एकजुट भएर अगाडि बढ्नुपर्छ । यही आग्रह म गर्न चाहन्छु। धन्यवाद। रासस

# 'सरकार वाचापत्र अनुसार अघि बढिरहेको छ'

**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षामन्त्री सस्मित पोखरेलले सरकार वाचापत्र अनुसार अघि बढिरहेको बताएका छन्। आइतबार काठमाण्डु क्षेत्र नम्बर ५ मा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा शिक्षामन्त्रीले सरकारको वाचा पत्रअनुसार काम अघि बढिरहेको बताएका छन् ।



यस कार्यक्रममा मन्त्रीले सरकार र पार्टीले चुनावी वाचाअनुसार पहिलो महिना, सय दिन र एक वर्षभित्र गर्ने काम क्रमशः पूरा गर्दै गएको उल्लेख गरे। मन्त्रीले पोखरेलले देशभरका सामुदायिक विद्यालयमा पहुँचका आधारमा स्रोत साधन वितरण हुने प्रवृत्ति रहेको उल्लेख गर्दै यसलाई वैज्ञानिक र व्यवस्थित बनाउन सरकारले देशभरका २७ हजार विद्यालयको अध्ययन सुरु गर्ने जानकारी दिए ।

विद्यालयको भौतिक अवस्था, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालयलगायत सम्पूर्ण विवरण सङ्कलन गरी मास्टर प्लान तयार पारिने उनको भनाइ छ । उनले विश्वविद्यालय क्षेत्रमा बढ्दो राजनीतिकरण अन्त्य गरी प्राज्ञिक प्रणाली विकास गर्न खुला प्रतिस्पर्धामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको जानकारी दिए । आठ वटा विश्वविद्यालयमा खुला आवेदन माग्दा २ सय १८ जनाको आवेदन परेको भन्दै यसले सरकारको निष्पक्षताप्रति विश्वास बढेको दाबी गरे ।

कार्यक्रममा मन्त्रीले निजी विद्यालयको शुल्क, दरबन्दी मिलान, सुकुमबासी बस्तीका विद्यार्थीको शिक्षा, स्थानीय पाठ्यक्रम, सार्वजनिक यातायात, विदेशी विश्वविद्यालयका कलेज नियमनलगायत विषयमा उठेका गुनासाहरू सम्बोधन गर्ने प्रतिबद्धता जनाए। कार्यक्रममा प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति डा. ओजस्वी शेरचनले विद्यालय सुधारका लागि नीतिगत समस्या नै रहेकोले यसलाई सुधार गर्दै अघि बढ्नुपर्नेमा जोड दिइन् ।

विद्यालयहरूमा नीतिगत सुधारका लागि विज्ञहरूसँग छलफल गरी विधेयक ल्याउनुपर्नेमा उनले जोड दिए । विशेषतः शिक्षा क्षेत्रमा देखिएको विकृतिलाई हटाउन र शिक्षा क्षेत्रलाई नयाँ ढङ्गले अघि बढाउन आफूले समितिमा छलफल गर्ने सभापति शेरचनको भनाइ छ ।

# जातीय उत्पीडनविरुद्ध माइतीघरमा प्रदर्शन

**टुडे समाचारदाता**

काठमाण्डु । जात व्यवस्थाले निम्त्याएको तहगत उत्पीडन, शृंखलाबद्ध हत्या र ऐतिहासिक थिचोमिचो विरुद्ध विद्रोह प्रतिरोधात्मक प्रदर्शन भएको छ ।

जात व्यवस्था उन्मूलन मोर्चा नेपाल प्रथम राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजनमा काठमाण्डुको माइतीघर मण्डलामा भएको सो ऱ्यालीमा देशैभरबाट उत्पीडित नागरिक, बौद्धिक समुदाय र मानवअधिकारकर्मीहरू सहभागी छन् ।

यो ऐतिहासिक विद्रोह दिवसको घोषणा ६ वर्षपहिले प्रेम विवाहकै कारण रुकुम सोतीमा निर्मम र अमानवीय रूपमा मारिएका नवराज विक लगायत ६ जना युवाको सम्मान र न्याय खोज्ने प्रतिरोधको रूपमा गरिएको थियो ।

अन्तरजातीय प्रेमकै कारण ज्यान फाल्नुपर्ने यो देश कस्तो गणतन्त्र हो ? भन्दै ऱ्यालीमा सहभागी युवा अधिकारकर्मीहरूले आक्रोश पोखेका छन् ।

प्रदर्शनमा सहभागीहरूले भूमिहिन दलितहरूलाई खेतीयोग्य जमिनको व्यवस्था गर, दलित विद्यार्थीका निम्ति छात्रवृत्तिसहित निशुल्क शिक्षा सुनिश्चित गर र दलित हत्याकाण्डको न्यायिक छानबिन गर्न उच्चस्तरीय स्वतन्त्र आयोग गठन गरलगायतका सामरिक र नीतिगत मागहरू प्रस्तुत गरेका छन् ।




# 'पार्टीलाई नयाँ ढंगले बढाउन कार्यदल गठन गर्नुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)को सचिवालय बैठकमा पार्टीको कार्यविभाजन प्रस्तावका सन्दर्भमा छलफल अघि बढेको छ ।

पार्टी कार्यालयमा भएको आइतबारको बैठकमा चार जना सचिवहरूले आफ्ना धारणा राख्ने क्रममा पार्टीको आगामी रणनीति र सांगठनिक संरचनाबारे महत्वपूर्ण सुझावहरू पेश गरेका छन् ।

बैठकमा धारणा राख्ने क्रममा सचिव शेरधन राईले पार्टीको वर्तमान अवस्थालाई मध्यनजर गर्दै आमूल परिवर्तन र पुनर्गठनमा जोड दिएका छन् । उनले पार्टीलाई नयाँ उचाइमा लैजानका लागि निर्मम समीक्षा र सांगठनिक सुधार अपरिहार्य रहेको बताए ।

सचिव राईले गत निर्वाचनमा पार्टीले व्यहोर्नुपरेको पराजयको विषयमा निर्मम समीक्षा हुनुपर्नेमा जोड दिए । बैठकमा सहभागी एक सदस्यले भने, 'निर्वाचनमा पराजय हुनुका पछाडिका आन्तरिक र बाह्य कारणहरूलाई स्पष्ट रूपमा पहिचान गरी कमीकमजोरी सच्याउने प्रण गर्दै अघि बढ्नुपर्छ ।'



ती सदस्यले पछिल्लो समय पार्टी पंक्तिमा देखिएको निराशा, अन्योल र विचलनलाई चिर्दै पार्टीलाई नयाँ ढंगले अघि बढाउन सचिवालयमा विशेष प्रस्ताव पेस गरेका छन् । सोही क्रममा उनले पार्टीको आन्तरिक जीवनलाई पुनर्गठन गर्नका लागि सुझाव तथा प्रतिवेदन पेस गर्ने उद्देश्यले एउटा विशेष 'कार्यदल' गठन गर्नुपर्ने माग राखेका छन् ।

त्यसैगरी, वर्तमान राष्ट्रिय राजनीतिमा देखापरेका जटिल चुनौतीहरूलाई सामना गर्दै पार्टीलाई थप सुदृढ बनाउनुपर्ने उनको भनाइ छ । आगामी दिनमा पार्टीका कार्यभारहरूलाई पूरा गर्न सक्ने गरी सांगठनिक संरचना तयार गर्नुपर्ने र त्यसका लागि कार्यविभाजनलाई प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिए ।

सचिवालय बैठकमा पदाधिकारीहरूबाट आएका यी सुझावहरूलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा पार्टी नेतृत्वले थप गृहकार्य गरिरहेको बुझिएको छ । एमालेभित्र निर्वाचन पछिको निराशालाई चिर्न र संगठनलाई चलायमान बनाउन अहिलेको छलफललाई निकै महत्त्वका साथ हेरिएको छ ।

आइतबार राईसहित यमलाल कँडेल, खगराज अधिकारी र भानुभक्त ढकालले आफ्नो भनाइ राखेका थिए ।

# विशेष महाधिवेशनमा सहभागी नभएकाहरूसँग समन्वय गर्न आग्रह

**टुडे समाचारदाता**

नेपाली कांग्रेसका नेता एनपी साउदले सभापति गगन कुमार थापासँग पार्टीमा मेलमिलापका लागि विशेष महाधिवेशनमा सहभागी नभएका नेताहरूसँग समन्वय गर्न आग्रह गरेका छन् ।



कांग्रेस सुदूरपश्चिम कार्यसमितिले आइतबार कैलालीको धनगढीमा आयोजना गरेको प्रदेशस्तरीय भेलामा उनले पार्टी एकतामा जोड दिँदै सभापति थापासँग समन्वयका लागि आग्रह गरेका छन् ।

'अधिवेशनमा नगएका साथीहरूका बीचमा समन्वय र एकता स्थापित गर्नुस्, भेलाका प्रमुख अतिथि साउदले भने, 'क्रियाशील सदस्यताका बारेमा थप विवाद नगर्नुस् ।'

कुनै क्रियाशील सदस्यले अनुशासन तोडेको छ भने अनुशासनको कारबाही गर्ने प्रक्रिया पार्टीको विधानले नै तय गरिसकेको उनको भनाइ छ ।

'त्यो प्रक्रियाअनुसार सम्बन्धित मान्छेलाई हटाउन सकिन्छ,' नेता साउदले भने, 'तपाईंले सर्वसम्मतिले भएको क्रियाशील सदस्यता चलाउनु हुन्न । हामी यो पनि आग्रह गर्न चाहन्छौँ ।'

पूर्व परराष्ट्रमन्त्री साउदले पार्टीमा निर्वाचन समिति सबै पक्षलाई स्वीकार्य हुने गरी अगाडि बढाइनु पर्ने पनि माग गरे ।

उनले भने, 'निर्वाचन समिति बनाउने, अनुशासन समिति पनि सर्वस्वीकार्य हुने गरी बनाउनु पर्छ ।' विशेष अधिवेशनमा सहभागी भएका र असहमत भएकाबिच एकता र समन्वय पछि मात्रै १५ औँ महाधिवेशन प्रभावकारी रूपमा आयोजना गर्न सकिने नेता साउदले बताए ।

# प्रधानमन्त्रीसँग प्रश्नोत्तरका लागि संसदमा विरोध जारी राख्ने विपक्षी दलहरूको निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु । विपक्षी दलहरूले प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रम सञ्चालनको माग गर्दै प्रतिनिधिसभा बैठकमा विरोध जारी राख्ने भएका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा र राप्रपाका प्रमुख सचेतकको बैठकले विरोध जारी राख्ने निर्णय गरेको छ ।

'हामी बैठकमा उठेर विरोध गर्छौं, सभामुखले जबरजस्ती गर्नुभयो भने हामी सशक्त विरोध गर्छौं,' नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले भने, 'संसदमा प्रधानमन्त्रीले आएर सांसदका प्रश्नको जवाफ दिनुपर्छ ।'

विपक्षी दलहरूले लोकतन्त्र र नियमावलीको पालनाका लागि एक भएर अघि बढ्ने निर्णय गरेका छन् ।

'कार्यपालिकालाई संसदप्रति जबाफदेही बनाउनेमा हामी दृढतापूर्वक लाग्छौं। विपक्षीहरू एकजुट भएर अघि बढ्ने समझदारी भएको छ,' उनले भने ।

विपक्षमा रहेका चारवटा दलका प्रमुख सचेतक र सचेतकहरूको बैठक सिंहदरबारस्थित एमाले दल कार्यालयमा भएको थियो ।

प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा महिनाको पहिलो साता कुनै दिन प्रधानमन्त्रीसँग एक घन्टा प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । नियमावलीले यस्तो प्रश्नोत्तरका लागि समय निर्धारण गर्ने जिम्मा सभामुखलाई दिएको छ ।

प्रतिनिधिसभा नियमावली अनुसार जेठ पहिलो साता यस्तो प्रश्नोत्तर कार्यक्रम सञ्चालन हुनुपर्ने थियो। अन्यथा सभामुखले अर्को कुनै मिति तोक्नुपर्ने थियो ।रासस

# ह्वाइट हाउस नजिक गोलीकाण्ड

रासस/एएफपी। ह्वाइट हाउस नजिक शनिबार साँझ भएको गोलीकाण्डमा एक बन्दुकधारी अमेरिकी गोप्य सेवा (युएस सेक्रेट सर्भिस) एजेन्टको कारबाहीमा मारिएका छन्। घटनाका क्रममा एक दर्शक पनि गोली लागेर घाइते भएका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्प घटनाको समयमा ह्वाइट हाउसभित्रै रहे पनि उहाँ सुरक्षित रहेको अधिकारीहरूले बताएका छन्।



युएस सेक्रेट सर्भिसका सञ्चार प्रमुख एन्थोनी गुग्लिल्मीका अनुसार साँझ ६ बजेपछि ह्वाइट हाउसको सुरक्षा घेरानजिक एक व्यक्तिले आफ्नो झोलाबाट हतियार निकालेर अन्धाधुन्ध गोली चलाउन थालेपछि सुरक्षाकर्मीहरूले तत्काल जवाफी कारबाही गरेका थिए।

सेक्रेट सर्भिसका प्रहरी अधिकारीहरूले संदिग्धमाथि गोली चलाएपछि उनलाई तत्काल अस्पताल लगिएको थियो, जहाँ चिकित्सकहरूले मृत घोषणा गरेका थिए। गोली हानाहानका क्रममा घटनास्थलमा रहेका एक दर्शकलाई पनि गोली लागेको थियो, तर उनको स्वास्थ्य अवस्थाबारे थप विवरण सार्वजनिक गरिएको छैन।

अमेरिकी सञ्चारमाध्यमहरूले मारिएका संदिग्धलाई मेरिल्यान्डका २१ वर्षीय नासिरे बेस्टका रूपमा पहिचान गरेका छन्। रिपोर्टहरूका अनुसार बेस्टको मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको इतिहास थियो र यसअघि पनि उनको सेक्रेट सर्भिस सदस्यहरूसँग पटक-पटक सम्पर्क भएको थियो। घटनामा कुनै पनि सेक्रेट सर्भिस अधिकारी घाइते नभएको जनाइएको छ। गोलीकाण्डपछि प्रहरी र सुरक्षा बलहरूले ह्वाइट हाउस वरपरको क्षेत्रलाई तत्काल घेरा हालेर नियन्त्रणमा लिएका थिए। नेसनल गार्डका सैनिकहरूले वासिङ्टनको डाउनटाउन क्षेत्रमा आवतजावतमा समेत कडाइ गरेका थिए।

घटनास्थल नजिक रहेका क्यानाडाली पर्यटक रिड एड्रियनले आफूहरूले सुरुमा आतशबाजी पड्किएको जस्तो आवाज सुने पनि केही क्षणमै ती आवाज गोलीका भएको बुझिएको बताउनुभयो। उहाँका अनुसार त्यसपछि वरपर रहेका मानिसहरू भागाभाग गर्न थालेका थिए।

त्यस समयमा ह्वाइट हाउसको नर्थ लन क्षेत्रमा रहेका पत्रकारहरूलाई तत्काल प्रेस ब्रिफिङ कक्षमा गएर आश्रय लिन निर्देशन दिइएको थियो। एबिसी न्युजकी संवाददाता सेलिना वाङ सामाजिक सञ्जालका लागि भिडियो रेकर्ड गरिरहेकै बेला गोली चलेको थियो र उहाँले उक्त घटनाको आवाज आफ्नो भिडियोमा कैद गर्नुभएको थियो।

"दर्जनौँ गोली चलेजस्तो महसुस भयो", उहाँले सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभयो।

यो घटना राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि विगत केही समययता भइरहेका कथित सुरक्षा खतराको शृङ्खलासँग पनि जोडिएको देखिएको छ। ७९ वर्षीय ट्रम्प यसअघि तीन अलग-अलग कथित हत्या प्रयासको लक्ष्य बनेको बताइएको छ।

सबैभन्दा पछिल्लो घटना अप्रिल २५ मा भएको थियो, त्यस क्रममा एक सशस्त्र व्यक्तिले ट्रम्प मिडिया गालामा भइरहेको कार्यक्रममा सुरक्षा चौकीमाथि आक्रमण गरेका थिए। ती व्यक्ति ट्रम्प वा कार्यक्रममा सहभागी पाहुनासम्म पुग्न भने सफल भएका थिएनन्।

यसअघि जुलाई २०२४ मा पेन्सिलभेनियाको बटलरमा आयोजित चुनावी ऱ्यालीमा ट्रम्पमाथि गोली प्रहार गरिएको थियो। उक्त घटनामा एक दर्शकको मृत्यु भएको थियो भने तत्कालीन उम्मेदवार ट्रम्पको कानमा सामान्य चोट लागेको थियो। त्यसको केही महिनापछि ट्रम्प गल्फ खेलिरहेको फ्लोरिडाको वेस्ट पाम बिचस्थित गल्फ कोर्सनजिक अर्को सशस्त्र व्यक्तिलाई पक्राउ गरिएको थियो।

शनिबारको गोलीकाण्डपछि अमेरिकी हाउस रिपब्लिकनहरूले सामाजिक सञ्जालमार्फत राष्ट्रपति ट्रम्प सुरक्षित रहेकोमा राहत व्यक्त गर्दै सेक्रेट सर्भिसको द्रुत प्रतिक्रियाको प्रशंसा गरेका छन्। उनीहरूले राजनीतिक हिंसा अन्त्य हुनुपर्ने धारणा पनि सार्वजनिक गरेका छन्।

यसैबीच, ट्रम्पले गत वर्ष पुनः कार्यभार सम्हालेपछि ह्वाइट हाउस परिसरमा निर्माणाधीन नयाँ बलरुम परियोजनाका लागि सुरक्षा आवश्यकतालाई एउटा प्रमुख कारणका रूपमा अघि सार्नुभएको छ। न्युयोर्कका रियल इस्टेट व्यवसायीसमेत रहनुभएका ट्रम्पका अनुसार करिब ४० करोड डलर लागतको उक्त परियोजनामा भूमिगत सैन्य अस्पतालसहित अत्यधिक सुरक्षित तथा 'ड्रोन-प्रतिरोधी' संरचना समावेश गरिनेछ।

# खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव-२०८३: पाँच जनालाई नगदसहित सम्मान



खोटाङ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा सम्पन्न 'तेस्रो बृहत् खोटाङ-हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव-२०८३' को समापन कार्यक्रममा विभिन्न क्षेत्रमा रहेर देश विकासमा योगदान पुऱ्याउने पाँच जनालाई नगदसहित सम्मान गरिएको छ।

नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते सङ्घ खोटाङले संयुक्त रुपमा आयोजना गरेको छदिने बृहत् खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव समापन कार्यक्रमका अवसरमा नगदसहित सम्मान गरिएको हो।

साहित्यमा तेह्रथुमका साहित्यकार रविमान लम्जेल, शिक्षा तथा समाज सेवामा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथलाका शिक्षक हेम नाछिरिङ, खेलकुदमा बुइपा-११ स्पोर्टस् क्लबका अध्यक्ष प्रभुराम राई र लफ्याङका वडाध्यक्ष दिनेश घिमिरे तथा पत्रकारितामा दिक्तेलकी पत्रकार सविना अछामे परियारलाई सम्मान गरिएको आयोजकले जनाएको छ।

सम्मानित सबैलाई जनही नगद रु ११ हजार १११ को साथमा दोसल्ला ओढाएर कदरपत्र प्रदान गरिएको आयोजक नेपाल खेलकुद प्रतिष्ठान खोटाङका सचिव मिलन कसजूले जानकारी दिनुभयो।

महोत्सवको अन्तिम दिन (शनिबार) साहित्यिक कार्यक्रम आयोजना गरिएको थियो। साहित्यिक कार्यक्रममा कवि मनु मञ्जिल, अछामका कवि कमल सङ्घर्ष, विराटनगरबाट बबिता भुजेल, भोजपुरबाट कविता राई र रजत किराती, खोटेहाङ प्रज्ञा प्रतिष्ठानका अध्यक्ष इन्द्र नाराथुङ्गे, दिप्रुङ चुइचुम्मा प्रज्ञा प्रतिष्ठानका सचिव कोपिता राईलगायत करिब ४० जना साहित्यकारले आ-आफ्नो सिर्जना वाचन गरेका थिए।

महोत्सवको पहिलो दिन जेठ ३ गते खुला दौड प्रतियोगिता आयोजना गरिएको थियो। छुट्टाछुट्टै उमेर समूह विभाजन गरेर छ विद्यामा आयोजना गरिएको दौड प्रतियोगितामा जिल्लाभित्र तथा बाहिरका गरी ७५५ जना धावकले सहभागिता जनाएका थिए।

पन्ध्र वर्षभन्दा माथिका १० किलोमिटर खुला महिला/पुरुष दौड प्रतियोगिताको महिलातर्फ खोटाङकी दीर्पा बस्नेत तथा पुरुषतर्फ ताप्लेजुङका अमिर लिम्बूले प्रथम उपाधि जित्नुभएको थियो। प्रतियोगितको उपाधि विजेता धावकले जनही नगद रु १५/१५ हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ।

महोत्सवकै अवसरमा जेठ ६ गते आयोजना गरिएको खुला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि झापास्थित दमकका प्रकाशचन्द्र नेपालले जित्नुभएको छ। देशभरका ५१ खेलाडीले सहभागिता जनाएको प्रतियोगितमा भारतको सिक्किम निवासी राहुल गुरुङलाई हराउँदै नेपालले रु २५ हजार नगदसहितको उपाधि जित्नुभएको हो।

खेलकुद तथा साहित्यको माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटन प्रवर्द्धन गर्न विगत तीन वर्षदेखि निरन्तर महोत्सवको आयोजना गर्ने गरिएको आयोजक नेपाल खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिनुभयो। "खेलकुद र साहित्यको माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटकीय जिल्लाका रूपमा विकास गर्न तेस्रो पटक महोत्सव आयोजना गरेका हौँ। छ दिनसम्म सञ्चालन भएको बृहत् महोत्सवले जिल्लाको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुगेको अनुमान गरिएको छ", उहाँले भन्नुभयो, "महोत्सवको पहिलो दिन खुला दौड प्रतियोगिता आयोजना गरिएको थियो। प्रतियोगितामा बालबालिकादेखि वृद्धवृद्धासम्मले उत्साहपूर्वक सहभागिता जनाएका थिए। महोत्सवको माध्यमबाट खेलकुदलाई जिल्लाको गौरवको आयोजना बनाउँदै सन् २०५० भित्र ओलम्पिक पदक जित्ने खेलाडी जिल्लामै उत्पादन गर्ने लक्ष्य राखिएको छ।"

महोत्सवका लागि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेर कार्यक्रम सञ्चालन गरिएको थियो। दिक्तेल बजारमा छ दिनसम्म सञ्चालन भएको महोत्सवले जिल्लाको व्यापार-व्यवसायसमेत वृद्धि भएको व्यवसायीहरूले बताएका छन्।

खेलकुद, साहित्यक तथा पर्यटन महोत्सवले अवसर नपाएर ओझेलमा रहेका प्रतिभाहरूको पहिचान भएको आयोजकले दाबी गरेको छ।

जिल्लाका दशवटै स्थानीय तहसँगको सहकार्यमा आयोजना गरिएको महोत्सव सम्पन्न गर्न रु ३० लाख १३ हजार २३२ बजेट लागेको आयोजक नेपाल सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष सुमन राईले जानकारी दिनुभयो। रासस

# भारतमा तापलहर (लु) बाट १६ को मृत्यु



रासस/एएफपी। दक्षिणी भारतमा यस गर्मी मौसममा तापलहर (लु) का कारण कम्तीमा १६ जनाको मृत्यु भएको अधिकारीहरूले आइतबार जनाएका छन्। देशका विभिन्न भागमा फैलिएको तीव्र लुपछि स्वास्थ्य सतर्कता जारी गरिएको छ।

भारतमा गर्मी असामान्य कुरा नभए पनि वैज्ञानिक अध्ययनहरूले जलवायु परिवर्तनका कारण लुहरू पहिलेभन्दा लामो, बढी आवृत्तियुक्त र बढी तीव्र हुँदै गएको देखाएको छ।

एक अर्ब ४० करोड जनसङ्ख्या भएको यस दक्षिण एसियाली राष्ट्रका विभिन्न सहरमा हालै तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेसँगै जनजीवन प्रभावित बनाएको छ।

दक्षिणी राज्य तेलङ्गानामा सबैभन्दा बढी मृत्यु दर्ता भएको छ। त्यहाँका राजस्वमन्त्री पोङ्गुलेटी श्रीनिवास रेड्डीले जनस्वास्थ्य सुरक्षाका लागि राज्यव्यापी सतर्कता अपनाउन आह्वान गर्नुभयो।

उहाँको कार्यालयले जारी गरेको विज्ञप्तिमा गर्मीको तीव्रता अभूतपूर्व स्तरमा पुगेको उल्लेख गर्दै समयमै चेतावनी प्रणाली र सावधानी उपायहरू अपनाउन निर्देशन दिइएको छ।

स्वास्थ्य विशेषज्ञहरूका अनुसार अत्यधिक गर्मीले शरीरमा पानीको कमी (डिहाइड्रेसन) गराउन सक्छ, जसले रगत बाक्लो बनाउने र गम्भीर अवस्थामा अङ्गहरू काम गर्न छोड्ने जोखिम बढाउने गर्छ।

तेलङ्गानाको स्थानीय प्रशासनले वृद्ध, बालबालिका र गर्भवतीलाई अत्यावश्यक नभएसम्म दिनको समयमा बाहिर ननिस्कन आग्रह गरेको छ।

यसैबीच, भारतीय मौसम विभागले देशका धेरै भागमा सामान्यभन्दा बढी तापक्रम र तीव्र लु जारी रहने चेतावनी दिएको छ।

राजधानी नयाँदिल्ली र आसपासका क्षेत्रमा यस हप्ता लगातार तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ, जसले विद्युत मागलाई रेकर्ड स्तरमा पुऱ्याएको छ।

विशेषज्ञहरूका अनुसार दिउँसो मात्र नभई रातको तापक्रम पनि उच्च रहँदा मानिसहरूले पर्याप्त आराम नपाइरहँदा स्वास्थ्य जोखिम अझ बढाएको छ।

विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको भारत हरितगृह ग्यास उत्सर्जन गर्ने देशमध्ये तेस्रो स्थानमा पर्छ र विद्युत् उत्पादनका लागि कोइला उपयोगमा उच्च निर्भरता राख्छ।

भारतले सन् २०७० सम्ममा शुद्ध-शून्य उत्सर्जन हासिल गर्ने प्रतिबद्धता जनाएको छ। यो प्रतिबद्धता धेरै औद्योगिक पश्चिमी देशहरूको लक्ष्यभन्दा करिब दुई दशक पछिको हो।

# रुबियोको दिल्ली भ्रमण

रासस/एएफपी। अमेरिकी विदेशमन्त्रीमार्कोरुबियोलेआइतबार भारतीय समकक्षी सुब्रमण्यम जयशङ्करसँग उच्चस्तरीय वार्ता गर्नुभएको छ। वार्ताको उद्देश्य वासिङ्टन र नयाँदिल्लीबीच पछिल्ला वर्षहरूमा कमजोर हुँदै गएको विश्वासलाई पुनःस्थापित गर्ने प्रयास गर्नु रहेको छ।



अमेरिका र भारतबीच सम्बन्ध हाल करिब दुई दशकयताकै सबैभन्दा तल्लो स्तरमा पुगेको मानिन्छ र यसलाई मुख्य रूपमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीति तथा भारतीय निर्यातमाथि बढाइएको शुल्कले थप जटिल बनाएको छ।

रुबियो क्वाड भनेर चिनिने इन्डो-प्यासिफिक सुरक्षा संरचनामा सहभागी भारत, अस्ट्रेलिया र जापानका विदेशमन्त्रीहरूसँग मङ्गलबार हुने बैठकअघि पहिलो औपचारिक भारत भ्रमणका लागि शनिबार नयाँदिल्ली आइपुग्नुभएको हो।

न या ँ दि ल्ली मा रुबियोले भारतलाई संयुक्त राज्य अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिक दृष्टिकोणको 'आधारशिला' भएको उल्लेख गर्दै द्विपक्षीय सम्बन्ध मात्र नभई बहुपक्षीय सहकार्यमा पनि यसको महत्त्व रहेको बताउनुभयो।

उहाँको चार दिने भ्रमणमा भारतमा भव्य स्वागत तथा अमेरिका स्वतन्त्रताको २५० औँ वार्षिकोत्सवसँग जोडिएका विभिन्न कूटनीतिक कार्यक्रमहरू समावेश छन्।

भारतका पूर्व विदेश नीति सल्लाहकार अशोक मलिकले पछिल्लो समय व्यापार, सुरक्षा र कूटनीतिक विषयमा वासिङ्टनबाट आएका बयानबाजीले सम्बन्धमा असहजता र विश्वासको कमी सिर्जना गरेको टिप्पणी गर्नुभयो। उहाँका अनुसार यदि यस भ्रमणले सम्बन्धलाई थप बिग्रन नदिई स्थिर बनाउन सकेमा मात्र यसलाई सफल मान्न सकिन्छ।

विशेषज्ञहरूका अनुसार अमेरिका र भारतबीच संरचनात्मक रूपमा फरक प्राथमिकता र रणनीतिक दृष्टिकोण भए पनि साझा सुरक्षा चिन्ताले उनीहरूलाई नजिक ल्याएको छ। भारत परम्परागत रूपमा रूससँग नजिक रहे पनि पछिल्ला वर्षहरूमा अमेरिकासँग नजिकिँदै गएको देखिएको छ तर ऐतिहासिक अविश्वास र सांस्कृतिक भिन्नताले यो सम्बन्धमा निरन्तर असर पार्दै आएको छ।

इन्डो-प्यासिफिक क्षेत्रमा चीनको बढ्दो सैन्य र आर्थिक प्रभावका कारण क्वाड फोरममार्फत भारत, अमेरिका, अस्ट्रेलिया र जापानबीच सहकार्य विस्तार हुँदै आएको छ। यी देशहरूले दक्षिण चीन सागरमा चीनको गतिविधिप्रति बारम्बार आलोचना गर्दै आएका छन् भने बेइजिङले भने आफ्नो गतिविधि रक्षात्मक भएको दाबी गर्दै आएको छ।

जनवरी २०२५ मा अमेरिकी राष्ट्रपतिको कार्यभार सम्हालेपछि रुबियोको पहिलो अन्तर्राष्ट्रिय संलग्नता पनि क्वाड बैठक नै थियो। यसले यस क्षेत्रप्रति वासिङ्टनको प्राथमिकता झल्काउँछ।

तर पछिल्ला महिनाहरूमा विभिन्न कूटनीतिक घटनाक्रमले भारत-अमेरिका सम्बन्धमा तनाव थपिएको विश्लेषण गरिएको छ। विशेषगरी भारत-पाकिस्तान तनावमा अमेरिकी भूमिकाबारे असन्तुष्टि, रूसबाट तेल खरिदका विषयमा वासिङ्टनको आलोचना तथा व्यापार नीतिका कारण सम्बन्धमा चिसोपन बढेको बताइन्छ।

विशेषज्ञहरूका अनुसार भारतले अमेरिकाको नीतिगत अस्थिरताप्रति केही आशङ्का राखे पनि दीर्घकालीन रणनीतिक सहकार्यलाई पूर्ण रूपमा तोड्ने पक्षमा छैन। उनीहरूका अनुसार भारतले अहिले 'रणनीतिक धैर्य' अपनाउँदै आगामी अमेरिकी राजनीतिक परिवर्तनपछि सम्बन्ध पुनः सन्तुलनमा आउने अपेक्षा राखिरहेको छ।

# एसियन छनोट खेलको लागि क्रिकेट खेलाडी छनोट

काठमाण्डु। नेपाल क्रिकेट सङ्घ (क्यान)ले सिङ्गापुरमा हुने



मेन्स एसियन गेम्स क्वालिफायर २०२६ का लागि नेपाली राष्ट्रिय क्रिकेट टोली घोषणा गरेको छ।

प्रतियोगिता मे ३१ देखि जुन ९ तारिखसम्म सञ्चालन हुने उक्त प्रतियोगिताका लागि १४ सदस्य नेपाली खेलाडी छनोट गरेको क्यानद्वारा आइतबार जारी प्रेस विज्ञप्तिमा जनाएको छ।

छनोट हुने टोलीको कप्तानीमा दीपेन्द्रसिंह ऐरी रहेका छन्। त्यस्तै टोलीमा कुशल भुर्तेल, आसिफ शेख, रोहित पौडेल, सन्दीप जोरा, कुशल मल्ल, लोकेश बम, सन्दीप लामिछाने, सोमपाल कामीलगायतका खेलाडी समावेश छन्। त्यसैगरी, करण केसी, आरिफ शेख, शाहब आलम र भीम सार्की पनि रहेका छन्। रासस

# पाकिस्तान : बलुचिस्तान रेल विस्फोटमा २४ को मृत्यु

रासस/एएफपी। पाकिस्तानको अशान्त दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानमा सैनिक कर्मचारी र उनीहरूका परिवार बोकेको रेललाई निशाना बनाएर आइतबार गरिएको शक्तिशाली विस्फोटमा कम्तीमा २४ जनाको मृत्यु र ५० भन्दा बढी घाइते भएको एक वरिष्ठ अधिकारीले बताएका छन्।



प्रान्तीय राजधानी क्वेटा नजिकै भएको उक्त आक्रमणपछि घटनास्थलमा ठूलो क्षति पुगेको छ र उद्धार कार्य जारी रहेको बताइएको छ।

प्राप्त तस्बिरहरूमा रेलका डिब्बा पल्टिएको र क्षतिग्रस्त अवस्थामा देखिएको छ, जहाँ स्थानीय बासिन्दा र उद्धारकर्मीहरू भग्नावशेषमा फसेका मानिसहरूको खोजी गरिरहेका छन्। घाइते तथा मृतकलाई स्ट्रेचरमार्फत सुरक्षित स्थानमा सारिँदै गरेको दृश्य पनि देखिएको छ भने सुरक्षा बलले घटनास्थलमा कडा पहरा दिएको छ।

अधिकारीका अनुसार क्वेटाबाट पेशावरतर्फ जाँदै गरेको उक्त रेलले चमन क्षेत्रको पटरी पार गरिरहेको बेला विस्फोटक पदार्थ बोकेको एक सवारीसाधनले रेलको डिब्बासँग ठक्कर दिएपछि ठूलो विस्फोट भएको थियो। विस्फोटका कारण रेलका झ्यालहरू फुटेका थिए र नजिकका केही डिब्बा पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए।

अर्का अधिकारीले एएफपीलाई बताएअनुसार उक्त रेलमा सवार सैनिकहरू आगामी मङ्गलबारदेखि सुरु हुने ईद बिदा मनाउन परिवारसहित यात्रा गरिरहेका थिए।

बलुचिस्तान पाकिस्तानको क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो तर विकासका सूचकाङ्कहरूमा देशकै सबैभन्दा पछाडि रहेको प्रान्त मानिन्छ।

# सम्भावित सम्झौताबारे इरान र अमेरिकाको फरक फरक व्याख्या

रासस/एएफपी। संयुक्त राज्य अमेरिका र इरान मध्यपूर्वमा फैलिएको र विश्व तेल बजारमा अवरोध पुर्‍याउने युद्धको अन्त्य गर्ने सम्झौताको नजिक देखिएका छन्।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले विश्वले केही राम्रो समाचार प्राप्त गर्न सक्ने बताए लगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'स्ट्रेट अफ हर्मुज' पुनः खोल्ने सम्झौता भएको घोषणा गर्नुभएको छ।

ट्रम्पको घोषणा अघि इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले वाशिङ्गटनसँग 'मेलमिलापको श्रृङ्खला' को सम्भावना रहेको तर यसको मतलब इरान र संयुक्त राज्य अमेरिकासँग महत्त्वपूर्ण मुद्दाहरूमा एक सम्झौतामा पुग्ने निश्चित भएको भन्ने अझै होइन।

उहाँले सरकारी टेलिभिजनमा ३० देखि ६० दिनभित्र अन्तिम सम्झौता हुनुअघि इरानको 'सबैभन्दा पहिले समझदारी पत्र, एक प्रकारको मस्यौदा तयार पार्ने मनसाय रहेको बताउनुभयो।

अमेरिकी राष्ट्रपति ट्रम्पसँग साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, इजिप्ट, जोर्डन र बहराइनका नेताहरूका साथै टर्की र पाकिस्तानका प्रतिनिधिहरूले शनिबार कुराकानी गरेका थिए।

गत अप्रिलमा अमेरिका र इरानी प्रतिनिधिमण्डलबीच ऐतिहासिक साक्षात्कारमा मध्यस्थता गरेको पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले 'चाँडै नै अर्को चरणको वार्ता' आयोजना गर्ने आशा गरेको बताउनुभएको छ।

# नेपाल 'ए' ले अल इण्डिया गोल्ड कप खेल्ने

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल क्रिकेट संघ (क्यान) ले नेपाल 'ए' ले अल इण्डिया गोल्ड कप खेल्ने भएको छ।



गोल्ड कपमा नेपाल 'ए' सँगै केरला, गोवा र ओडिसा गरि कुल चार टिमबीच प्रतिस्पर्धा हुनेछ। नेपालले पहिलो खेल शनिबार केरलासँग खेल्ने जनाइएको छ।

त्यसपछि गोवा र ओडिसासँग खेल्ने तालिका रहेको छ। यसपछि क्वाटरफाइनल, सेमिफाइनल र फाइनल हुने बताइएको छ।

नेपाल 'ए' को कप्तानको जिम्मेवारी अनिल साहलाई दिइएको छ। अन्य खेलाडीहरूमा मयान यादव, त्रितराज दास, देव खनाल, रसिद खान, बसिर अहमद, नारायण जोशी, आकाश चन्द, हेमन्त धामी, पवन सराफ, दीपक डुम्रे, युवराज खत्री, ललित राजवंशी र अर्जुन कुमाल रहेका छन्।

नेपाल 'ए' ले यसअघि आइसिसी विश्व कप लिग टु अगाडि अमेरिका र स्कटल्याण्डसँग अभ्यास सिरिज खेल खेलेको थियो।

# कार्यान्वयन र नतिजामुखी बजेट ल्याउँछौं: आर्थिक मामिलामन्त्री कार्की

लुम्बिनी। लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमुखी, नतिजामुखी र व्यावहारिक बनाइने बताउनुभएको छ।

लुम्बिनी प्रदेशसभाको आइतबार बसेको बैठकमा 'लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता'माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री कार्कीले प्रदेशको आवधिक योजनाले निर्दिष्ट गरेका सङ्कल्प र प्रदेशसभा सदस्यहरूले दिएका सुझावका आधारमा बजेट निर्माण गरिने उल्लेख गर्नुभयो।

उहाँले पर्यटन, उद्योग र रोजगारीलाई प्राथमिकतामा राखेर कार्यक्रम ल्याइने बताउँदै पुँजी तथा प्रविधिको विस्तारमा विशेष जोड दिइने जानकारी दिनुभयो। कृषि क्षेत्रको आधुनिकीकरण, प्राङ्गारिक उत्पादन प्रवर्द्धन तथा उत्पादनमा विविधिकरणमार्फत रोजगारी र आयआर्जन सृजना गर्ने नीति सरकारले लिएको उहाँको भनाइ थियो।

मन्त्री कार्कीले बजेटलाई प्रभावकारी र कार्यान्वयनयोग्य बनाउने विषय सबैको साझा सरोकार भएको उल्लेख गर्दै कार्यान्वयनमा नवीनता ल्याइने बताउनुभयो।

बैठकमा प्रदेशसभा सदस्य बैजनाथ कलवार, दिलकुमारी बुढा, तारा थापा, रेवती गुरुङ, चन्द्रकेश गुप्ता, मीना बुढामगर, शान्ति लोध, मीनाकुमारी श्रेष्ठ, मधुसुदनशरण चौधरी/कुर्मी, सुरुल पुन तथा वसन्ती न्यौपानेले विभिन्न विषयमा धारणा राख्नुभएको थियो।

छलफल सम्पन्न भएपछि सभामुख तुलाराम घर्तीमगरले 'लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता' माथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

प्रदेशसभाको अर्को बैठक जेठ ११ गते सोमबार दिउँसो १:०० बजे बस्नेछ। रासस

# चीनमा नेपाललाई 'सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य' को सम्मान

काठमाण्डु । चीनको ग्वाङ्झाउमा नेपाललाई 'मोस्ट चार्मिङ टुरिज्म डेस्टिनेसन' अर्थात् 'सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य'को सम्मान प्रदान गरिएको छ। चीनको ग्वाङ्झाउमा यही मे २१ देखि २३ सम्म आयोजित ग्वाङ्झाउ अन्तरराष्ट्रिय पर्यटन मेलामा नेपाललाई सो सम्मान प्रदान गरिएको हो।




नेपालको प्राकृतिक सौन्दर्य, आध्यात्मिकता, सांस्कृतिक विविधता तथा साहसिक पर्यटनको आकर्षणका आधारमा नेपाललाई उक्त सम्मान प्रदान गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ।

नेपाल पर्यटन बोर्डले तीनदिने अन्तरराष्ट्रिय पर्यटन मेलामा 'नेपालः अ लाइफटाइम एक्सपेरियन्स' अर्थात् 'नेपालः जीवनभरको अनुभव' भन्ने नारासहित नेपालको सहभागिता समन्वय गरेको थियो । मेलामा नेपालले सांस्कृतिक, धार्मिक, साहसिक, आउटडोर तथा लक्जरी पर्यटनका विविध सम्भावनाबारे अन्तरराष्ट्रिय आगन्तुक तथा ट्राभल ट्रेड व्यवसायीलाई जानकारी गराएको थियो।

चीनको ग्वाङ्झाउ सहर हङकङ तथा ग्रेटर वे एरिया नजिकको प्रमुख व्यापारिक तथा पर्यटन केन्द्र भएकाले नेपाली पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण बजारका रूपमा हेरिएको छ। विशेषगरी वेलनेस, धार्मिक, सांस्कृतिक र लक्जरी पर्यटनका क्षेत्रमा चिनियाँ पर्यटक आकर्षित गर्ने सम्भावना उच्च रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ।

मेलाको उद्घाटन दिन २१ मे मा नेपाली सांस्कृतिक नृत्य प्रस्तुति तथा गन्तव्य नेपालसम्बन्धी विशेष प्रस्तुति आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाली कला, संस्कृति र पर्यटन सम्पदाबारे चिनियाँ आगन्तुक तथा पर्यटन व्यवसायीलाई जानकारी गराइएको थियो।

उद्घाटन सत्रमा नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक विमल कँडेलले नेपालको पर्यटन सम्भावना, गन्तव्य र प्रवर्द्धन रणनीतिबारे 'कन्ट्री प्रेजेन्टेसन' दिनुभएको थियो। उहाँले नेपालको पर्यटन बजार विस्तार रणनीतिबारे आयोजित प्यानल छलफलमा सहभागिता जनाउनुभएको थियो।

उक्त मेलामा नेपालका आठ पर्यटन व्यवसायी कम्पनी सहभागी हुनुभएको थियो । सहभागी कम्पनीले ट्रेकिङ, भ्रमण, होटल तथा आतिथ्य सेवासम्बन्धी प्याकेजहरूबारे चिनियाँ तथा अन्तरराष्ट्रिय पर्यटन व्यवसायीलाई जानकारी गराउनुभएको थियो।

हाल नेपाल वायुसेवा निगम र चाइना साउदर्न एयरलाइन्सले काठमाण्डु-ग्वाङ्झाउ सिधा उडान सञ्चालन गरिरहेका छन्। यसले नेपाल र चीनबीचको पर्यटन पहुँच विस्तार हुनाका साथै चिनियाँ पर्यटक आगमन बढाउन सहयोग पुग्ने विश्वास नेपाल पर्यटन बोर्डले लिएको छ। रासस

# चार लाख ७९ हजार राजस्व सङ्कलन



काठमाण्डु । ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टाको अवधिमा काठमाण्डु उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरेको 'जाँच'का क्रममा एक हजार ८४१ जना सवारी चालकलाई कारबाही गरेको छ। उक्त कारबाहीबाट रु चार लाख ७९ हजार ५०१ राजस्व सङ्कलन गरिएको छ।

आइतबार बिहानसम्म सञ्चालन गरिएको जाँचका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारी साधन चलाउने १०७, राइड सेयरिङमा १९२, रातोबत्तीमा १८३, तीव्र गतिमा १२६, लेनक्रसमा ४१, सडक फुटपाथमा ७५, हर्न निषेधमा १४९, एकतर्फीमा ७७ र अन्यमा ८९१ गरी कुल एक हजार ८४१ जना चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "उपत्यकामा २४ घण्टाको अवधिमा काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार ८४१ जना चालकहरूलाई कारबाही गरिएको छ। उक्त कारबाहीबाट जम्मा रकम रु चार लाख ७९ हजार ५०१ राजस्व दाखिला भएको छ।"

मादक पदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ। रासस

# बाढीपहिरोले चार परिवार विस्थापित, जलविद्युत् आयोजनामा क्षति

पाँचथर । अविरल वर्षापछि खसेको पहिरोले घर बगाउँदा याङवरक गाउँपालिका-१ का चार परिवार विस्थापित भएका छन् । पहिरोले घर जोखिममा पारेपछि एक परिवारलाई सुरक्षित स्थानमा सारिएको छ।



पहिरोले घर बगाएपछि याङवरक-१ लम्बाखोलाका मोहनलाल खवास र कबिर खवास तथा कोप्चेका गङ्गाप्रसाद बेघाको परिवार विस्थापित भएको हो । मोहनलाल र कबिरको परिवारका सात जना आफन्त शान्ता खवासको घरमा बसेका छन् । गङ्गाप्रसादको ६ जनाको परिवार उहाँका दाजु दुर्गा बेघाको घरमा बसेको छ । सोही स्थानका भगीमान बेघाको घर पहिरोले उच्च जोखिममा पारेपछि सो परिवारका ६ जना विस्थापित भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अनिषकुमार कर्णले जानकारी दिनुभयो।

बाढीपहिरोका कारण कोप्चेटोलका बालानन्द बेघा र मैतराज बेघा, चाम्लिङडाँडाका रबिन राई, रामकुमार राई, रणबहादुर राई, मनकुमारी गुरुङ र डम्बरबहादुर गुरुङ, एकराते टोलका रत्नमान राई, लछुमान राई, राजेश राई, कमलबहादुर राई र शेरबहादुर राई तथा खोलाघारी मगरडाँडा टोलका याम मगर, पूर्णकुमार मगर र सुजन मगरको घर जोखिममा छ।

बाढीले लामिटारबाट चाम्लिङडाँडा जोडने झोलुङ्गे पुल र याङवरक-२ दोभानेसिथत झोलुङ्गे पुलमा क्षति पुर्याएको छ। बाढीले निर्माणाधीन दुई सडकका पुल बगाएको छ । पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत पाँचथरको याङवरक गाउँपालिका-२ दोभानेमा मेवा खोलामा निर्माणाधीन ४१ फिट लामो सडक पुल बाढीले बगाएको हो । यहाँ निर्माणाधीन पुलका साथै सडक र डाइभर्सनसमेत बगाएका कारण यातायात पूर्ण रुपमा अवरुद्ध रहेको प्रहरी नायब उपरीक्षक कर्णले जानकारी दिनुभयो।

त्यसैगरी, तमोर करिडोर सडकअन्तर्गत पाँचथरको हिलिहाङ गाउँपालिका र ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाको सीमास्थित तमोर नदीमा निर्माणाधीन लिम्बूनी पुलका संरचनासमेत बाढीले बगाएको छ । याक्थुङहाङ निर्माण सेवा प्रालिले निर्माण गरिरहेको उक्त पुलका ३५० टन स्टिल ट्रस्ट, अक्सिजन ग्यास सिलिन्डर, इलेक्ट्रिक गन, फलामे पाइपलगायत सामग्री बगाएको प्रहरी नायब उपरीक्षक कर्णले बताउनुभयो । पहिरो झरेपछि पुष्पलाल (मध्यपहाडी) राजमार्ग ओयाम बजार र रिजाल भिर खण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ।

**जलविद्युत् आयोजनाहरुमा क्षति**

बाढी र पहिरोले याङवरक-२ मेवाखोलामा रहेको हरिह्दुलय मेवाखोला जलविद्युत् आयोजनामा क्षति पुर्याएको छ । पाँचथर-ताप्लेजुङ सीमामा अवस्थित इंवाखोलामा रहेको इंवाखोला जलविद्युत् आयोजनाको बाँध क्षेत्रका पर्खालमा क्षति पुगेको छ। यस्तै पाँचथर-ताप्लेजुङ सीमामा अवस्थित काबेली खोला रहेको अरुण काबेली जलविद्युत् आयोजनामा समेत क्षति पुगेको छ।

यस्तै याङवरक-४ सिगेवामा स्थानीय लालबहादुर माबो, लक्ष्मण माबो, योगेन्द्र माबो र छविलाल पोखरेलको अलैंची बगान तथा खेतीयोग्य जमिनमा बाढी पसेर क्षति पुगेको छ। बाढी र पहिरोले टीकारामे, डल्लेढुङ्गा र सिगेवा खानेपानी योजना, वाराङ सिँचाइ योजना र मेची पहाडी खानेपानी योजनामा समेत क्षति पुर्याएको प्रहरी नायब उपरीक्षक कर्णले जानकारी दिनुभयो। रासस

# कोटा प्रणालीअनुसार किसानलाई मल बिक्री-वितरण

कञ्चनपुर । धान खेतीको मुख्य 'याम' नजिकिँदै गर्दा कृषि सामग्री कम्पनी लिमिटेड महेन्द्रनगर शाखामा मौज्दात रहेको रासायनिक मल वितरणको प्रक्रिया अगाडि बढाइएको छ । शाखाले मौज्दात मलको पुनः कोटा निर्धारण गरी सहकारी संस्थामार्फत किसानलाई उपलब्ध गराउने तयारी गरेको छ।

हाल शाखाको गोदाममा एक हजार मेट्रिक टन युरिया, ५०० मेट्रिक टन डिएपी र १५० मेट्रिक टन पोटास मौज्दात रहेको छ।




शाखा प्रबन्धक हेमराज जोशीले सहकारीमार्फत कोटा प्रणालीअनुसार किसानलाई मल बिक्री-वितरण गर्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । उहाँका अनुसार मौज्दात रहेको मल सहकारीलाई निर्धारण गरिएको कोटाअन्तर्गतकै भए पनि निर्धारित समयभित्र नउठाउँदा गोदाममै थन्किएको हो।

"कार्यविधिअनुसार सहकारीले तोकिएको कोटाको मल दश दिनभित्र उठाइसक्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "निर्धारित समयमा मल नउठाउँदा गोदाममा मौज्दात रहन गएको छ।"

उहाँका अनुसार गत साउनदेखि हालसम्म शाखाले युरियाको नौ कोटा र डिएपीको सात कोटा वितरण गरिसकेको छ। एक कोटा बराबर ५०० मेट्रिक टन मल हुने उहाँले जानकारी दिनुभयो । मौज्दात रहेको मल पुनः वितरणका लागि प्रदेश मल वितरण व्यवस्थापन समितिलाई कोटा निर्धारण गरिदिन पत्राचार गरिएको उहाँले बताउनुभयो।


"कोटा निर्धारणसम्बन्धी निर्णय आएपछि मौज्दात मल पुनः वितरणको प्रक्रिया सुरु गर्छौं," प्रबन्धक जोशीले भन्नुभयो, "हाल मौज्दात रहेको मलले धान रोपाइँसम्म पुग्ने अनुमान गरेका छौं। केही मल साल्ट ट्रेडिङसँग पनि उपलब्ध रहेकाले यस वर्ष धान खेतीका लागि मल अभाव नहुने विश्वास छ।"

शाखाले आगामी आवश्यकतालाई दृष्टिगत गर्दै थप मल आपूर्तिका लागि केन्द्रीय कार्यालयमा माग पठाइसकेको जनाएको छ । "थप मल असारभित्र आइपुग्ने आश्वासन पाएका छौं," प्रबन्धक जोशीले भन्नुभयो।रासस

# व्यवसायी राणाले दिए गाउँपालिकालाई एक बिघा १०कट्ठा जमिन

भजनी । जानकी गाउँपालिकाले स्थापना भएको एक दशकपछि प्रशासनिक भवन निर्माणको काम थालेको छ।

गाउँपालिकाभित्र सार्वजनिक जग्गा नहुँदा जग्गा प्राप्तिमा समय लागेपछि गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि एक दशक कुर्नु परेको हो । एक बिघा १०कट्ठा जमिन इँट्टा व्यवसायी तेजप्रताप राणाले गाउँपालिकालाई दान गरेपछि प्रशासनिक भवनको काम सुरु भएको गाउँपालिकाका इन्जिनियर योगेन्द्र शाहीले जानकारी दिनुभएको छ।



रु बाह्र करोड आठ लाख २७ हजार ९३८ को लागतमा अढाई तलाको प्रशासनिक भवनको कामत्रिवेणी, लाफा, शुभलक्ष्मी जेभीले गरिरहेको इन्जिनियर शाहीको भनाइ छ । उहाँका अनुसार २०८२ असार २२ गते भवन निर्माणका लागि भएको सम्झौताअनुसार २०८४ असार २० गते सम्पन्न गरिसक्नुपर्नेछ। "जग्गा नभएका कारण भवन निर्माणमा ढिलाइ भएको हो," इन्जिनियर शाही भन्नुहुन्छ, "अर्को वर्षबाट गाउँपालिकाले आफ्नै भवनबाट सेवा दिन्छ।"

निर्माण कम्पनीका इन्जिनियर मनिषकुमार शाहले हालसम्म २५ प्रतिशतमाथि काम भएको बताउनुभएको छ । उहाँले भवन निर्माण स्थलमा डुबानको समस्या हुने हुँदा बर्सातको समयमा काम गर्न कठिन हुने गरेको बताउनुभयो। "जगको काम सम्पन्न भएको छ। यो असारसम्म पहिलो तलाको काम सम्पन्न गर्ने लक्ष्य छ," उहाँ भन्नुहुन्छ, "काम गर्दै जाँदा समस्या नआए समयमै भवन सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गर्छौं।"

गाउँपालिकाले वडा नं १ को प्रशासनिक भवनबाट हाल सेवा प्रवाह गर्दै आएको छ । केही शाखा अहिले पनि भाडाको घरमा सञ्चालनमा छन् । रासस



## भूमिप्रशासन कार्यालय मौलापुर, रौतहट

### छूट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स. विर्तीप्रस्टोका वार्ड नं.२ हाल परिवर्तित कटहरिया न.पा.३ मा बस्ने सुजायत मिया धोबीले जग्गाधनि जुमन मरी हक खाने फरीद मियाको नाममा सर्वे नापी भएको जि.रौ. गा.वि.स. विर्तीप्रस्टोका वडा नं.८ कि.नं. १००को ०-०-१२ अप्रमाणित जग्गा मध्ये पश्चिम तर्फबाट ०-०-४ धुर जग्गा प्रमाणित गरी आफनो नाममा दा. खा. को लागि द.नं. ३५३४ मिति २०८२/१०/०६ गतेको माग निवेदन।

माग जग्गाको मोठ भिडान हुँदा गा.वि.स. विर्तीप्रस्टोका वडा नं.८ कि.नं. १००को ०-०-१२ को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम जुमन मरी हक खाने फरीद मिया, विरती उल्लेख रही यी जग्गा अप्रमाणित रही दा.खा.हुन बाँकी रहेको तथा मोठ कायम रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ।

रौतहट जिल्ला अदालतको मिति २०७१।०३।०३ गतेको फैसला तथा श्री पुनरावेदन अदालत हेटौडाको हक कायम दर्ता, खिचोला चलन मुद्दाको मिति २०७२।०९।१३ गतेको फैसला तथा श्री सर्वोच्च अदालतको मिति २०७६।०५।०६ गतेको फैसला बमोजिम तथा रौ.जि.अ.को च.नं.०८०-५२-०११४४१ मिति२०८१।०२।०९ गतेको दा.खा.पत्र बमोजिम माथि उल्लेखित गा.वि.स. विर्तीप्रस्टोका वडा नं.८ कि.नं. १००को ०-०-१२ को अप्रमाणित जग्गालाई प्रमाणित गरी सोमध्ये पश्चिम तर्फवाट ०-०-४ धुर जग्गा सुजायत मिया धोबीको नाममा दा. खा. गरिदिनको लागि दा.खा. पत्र आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनु भनी भूमिप्रशासन निर्देशिका २०८१ को परिच्छेद ३ को दफा ५० बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा. खा.. भै जानें व्यहोरा यसै सुचनाद्वरा जानकारी गराईन्छ।

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** : २०८३/०२/२५ गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी

**बोलपत्र खोलिने मिति/समय** : २०८३/०२/२७ गते, बुधबार दिनको ३ बजे

| क्र.सं. | शाखा कार्यालय : रूपनी, सप्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : बिरेन्द्र कुमार चौधरी**<br>ना.प्र.नं. १६१०२६/१९८, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६६/०६/०४<br>बाबुको नाम : गढाई चौधरी<br>बाजेको नाम : चुल्हाई चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १<br>हाल : सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ३ | **नाम : गढाई चौधरी थारु**<br>ना.प्र.नं. ९४६३१२१३, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०३७/१२/२१<br>बाबुको नाम : चुल्हाई चौधरी<br>बाजेको नाम : कानन चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, तेरहौता गा.वि.स. वडा नं. ६<br>हाल : सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ३ |
| | **धितोको विवरण** : गढाई चौधरी थारुको नाममा मालपोत कार्यालय सप्तरी राजबिराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-८-४-० (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : लाल बहादुर चौधरी**<br>ना.प्र.नं. ९५५३३२८९, जि.प्र.का. सप्तरी, जारी मिति : २०४०/०२/१८<br>बाबुको नाम : रामफल चौधरी थारु, बाजेको नाम : खुसि लाल चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ४, हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : अम्बीका देवी चौधरी थारु**<br>ना.प्र.नं. ९५५३३५६, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४५/०२/०७<br>पतिको नाम : लाल बहादुर चौधरी<br>ससुराको नाम : रामफल चौधरी थारु<br>ठेगाना : सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ | **२. नाम : हेमशंकर चौधरी**<br>ना.प्र.नं. १६१६२००४/१५०, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६७/०७/२४<br>बाबुको नाम : लाल बहादुर चौधरी<br>बाजेको नाम : रामफल चौधरी थारु<br>ठेगाना : सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ |
| | **धितोको विवरण** : लाल बहादुर चौधरीको नाममा मालपोत कार्यालय कञ्चनरुप, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ६७४, ४१५, ३५६ र ३५९ को क्षेत्रफल क्रमशः ०-१-६.५-०, ०-१-०-०, ०-२-५-० र ०-३-१-० (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| ३. | **नाम : नरेश मदिरा पसल**<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>रजिष्ट्रेशन नं. ४२९०/०७२/०७३, दर्ता मिति : २०७३/०२/१७, पान नं. ६०४१७८२९१, दर्ता मिति : २०७३/०२/१७<br>ठेगाना : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १, **प्रोप्राईटर : नरेश कुमार साह** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : नरेश कुमार साह**<br>ना.प्र.नं. ४७४५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६२/०४/०७,<br>बाबुको नाम : बिशेश्वर प्रसाद साह<br>बाजेको नाम : राम प्रसाद साह हलुवाई<br>ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३<br>हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १ | **२. नाम : अनिता कुमारी साह**<br>ना.प्र.नं. १६१०३०/४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६५/०९/२४<br>पतिको नाम : नरेश कुमार साह<br>ससुराको नाम : बिशेश्वर प्रसाद साह<br>ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३<br>हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १ |
| | **३. नाम : मिना देवी**<br>ना.प्र.नं. ४५८१, जि.प्र.का. सप्तरी, जारी मिति : २०४६/१२/१५<br>पतिको नाम : बिशेश्वर प्रसाद साह हलुवाइ, ससुराको नाम : राम प्रसाद साह<br>ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३, हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १ | |
| | **धितोको विवरण** : मिना देवीको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, भरुवाखाल गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १०२९ को क्षेत्रफल ०-२-१.६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# आईसीपी, सेज र ड्राइपोर्टको निरीक्षण



टुडे समाचारदाता

वीरगञ्ज । संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले वीरगञ्जस्थित एकीकृत जाँच चौकी (आईसीपी) र ड्राइपोर्टको स्थलगत निरीक्षण गरेकी छन् ।

निरीक्षणका क्रममा मन्त्री यादवले आयात-निर्यात प्रणाली, भन्सार जाँच प्रक्रिया तथा पूर्वाधार व्यवस्थापन बारे सम्बन्धित निकायका प्रतिनिधिसँग छलफल गरेकी छिन् ।

छलफलमा सवारीसाधन जाँचलाई थप प्रभावकारी बनाउन एक्स-रे प्रणाली आवश्यक रहेको विषयमा ध्यानाकर्षण गराइएको थियो । साथै भन्सार प्रक्रियालाई छिटो, पारदर्शी तथा प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिइएको थियो ।

निरिक्षणपछि मन्त्री यादवले आईसीपी र ड्राइपोर्टबाट हुने सेवा प्रवाहलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक पहल गरिने आश्वासन दिइन् ।

यस्तै बाराको जितपुरसिमरा उपमहानगरपालिकास्थित विशेष आर्थिक क्षेत्र (सेज) को अतिक्रमित जग्गाको स्थलगत अनुगमन समेत गरेकी छन् । सेज क्षेत्र खाली गराउने तयारी भइरहेका बेला मन्त्री यादवले उद्योग सचिव कृष्णबहादुर राउतसहित सेज अन्तर्गत पर्ने वडा नं. ४, १४ र १५ को निरीक्षण गरेकी हुन् ।

उद्योग सचिव राउतले सेजको अतिक्रमित क्षेत्र व्यवस्थापन र आगामी प्रक्रिया सम्बन्धमा मन्त्रालयमा थप छलफल गरेर निर्णय गरिने जानकारी दिए । "आजको अनुगमन र सरोकारवालासँग भएको छलफलपछि मन्त्रालयमा विस्तृत निर्णय गर्नुपर्ने देखिएको छ," उनले भने ।

सो क्रममा सेज क्षेत्रभित्र बसोबास गरिरहेका ९३ परिवारले आफूहरूको पुनर्स्थापना सुनिश्चित गरेर मात्र जग्गा खाली गराउन सरकारसँग माग गरेका छन् । स्थानीयवासीले मन्त्री यादवलाई ज्ञापनपत्र बुझाउँदै विगतमा वीरगञ्ज चिनी कारखानाले उपलब्ध गराएको जग्गाको व्यवस्थापन सरकारले गर्नुपर्ने बताएका छन् ।

# डोजर त्रासमा बाँच्दै हरवाचरवा

टुडे समाचारदाता

जनकपुरधाम । तीनवटै तहका सरकारले चलाएको डोजर आतंकले त्रासमा बाँचिरहेको मधेश प्रदेशस्थित हरवाचरवाहरुले गुनासो गरेका छन् । एकातिर सरकारले दलित र विपन्न परिवारका लागि आवास निर्माण गरिरहेको छ भने अर्कोतिर ऐलानी तथा सार्वजनिक जग्गा खाली गराउने नाममा त्यही बस्तीमा डोजर चलाउने चेतावनी दिइँदा उनीहरू त्रासपूर्ण जीवन बिताउन बाध्य भएका छन् ।

शनिबार जनकपुरधाममा आयोजित "कामको स्वतन्त्र छनोट, समान ज्याला तथा पुनःस्थापना प्याकेज" सम्बन्धी वकालती कार्यक्रममा सहभागी हरवाचरवा अगुवाहरूले सरकारले आफूहरूमाथि अन्याय गरिरहेको गुनासो पोखेका हुन् ।

कार्यक्रममा बोल्ने अधिकांश हरवाचरवा वक्ताहरुले एक सरकारले घर बनाउंछ भने अर्को सरकारले डोजरले घर भत्काउने चेतावनी दिन्छन बताए । यति मात्र होइन नयाँ घर बनाई दिने बहानामा भएका घर पनि भत्काएर उठिबास बनाउंदै आएको छ । पहिला त जसरीतसरी बाँचिरहेका थियौं अहिलेको सरकारले चलाएको डोजर आतंक त्रासमा बाँचिरहेका छौं ।

हरवाचरवा अधिकार मञ्चकी कोषाध्यक्ष राजवती मण्डल (खत्बे) ले मधेशका अधिकांश हरवाचरवा परिवार ऐलानी, पर्ती र सार्वजनिक जग्गामै पुस्तौंदेखि बसोबास गर्दै आएको बताइन्। उनका अनुसार विगतमा सरकारले पटक-पटक लगत संकलन गर्दै लालपुर्जा दिने आश्वासन दिएको थियो । प्रदेश सरकारले जनता आवास तथा महेन्द्रनारायण निधि आवास योजनाअन्तर्गत त्यही जमिनमा



घरसमेत निर्माण गरिदिएको थियो । तर अहिले स्थानीय तहबाट घर खाली गर्न दबाब आउँदा समुदायमा भय फैलिएको उनले बताइन् ।

उनले सिरहाको नवराजपुर गाउँपालिका-४ नरहिया गाउँको उदाहरण दिँदै वैशाख ३० गते त्यहाँ ५० भन्दा बढी दलित हरवाचरवा परिवारका घर भत्काइएको स्मरण गराइन्। "घर भत्काइएपछि ती परिवार अहिले खुला आकाशमुनि बस्न बाध्य छन्, वर्षातको समयमा झन् कष्टकर अवस्था छ," उनले भनिन् ।

कार्यक्रममा सहभागीहरूले एउटै सानो घरमा तीनदेखि चार पुस्तासम्मका परिवार एकसाथ बस्नुपर्ने बाध्यता रहेको सुनाए। कतिपय परिवारसँग दुईदेखि सात धुरसम्म मात्रै जग्गा भए पनि एउटै सदस्यको नाममा लालपुर्जा हुँदा अरू सदस्यलाई 'हुकुम्बासी' भन्दै हटाउने सूचना दिइएको उनीहरूको गुनासो थियो ।

हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सादाका अनुसार मधेश प्रदेशमा एक लाखभन्दा बढी हरवाचरवा परिवार छन् । तीमध्ये ८० देखि ९० प्रतिशत परिवार सडक किनार, नदी उकास वा सार्वजनिक जमिनमा फुसको घर बनाएर बस्दै आएका छन् । प्रदेश सरकारको आवास कार्यक्रममार्फत करिब पाँच सय परिवारलाई मात्रै समेटिएको र तीमध्ये पनि धेरैको घर निर्माण अझै अधुरै रहेको उनले बताए ।

हरवाचरवा समुदायले आफूहरूको आधिकारिक तथ्यांक नै राज्यसँग नभएको भन्दै गुनासो गरेका छन् । वर्षौंदेखि लगत संकलन, परिचयपत्र वितरण र पुनःस्थापनाको माग गर्दै आन्दोलन गरे पनि अझै ठोस काम नभएको उनीहरूको भनाइ छ ।

नेपालमा कमैया, हलिया र कमलरी प्रथाविरुद्ध विभिन्न समयमा कानुनी व्यवस्था गरिए पनि तराई-मधेशका हरवाचरवा समुदाय भने लामो समयसम्म सरकारी प्राथमिकताबाट बाहिर परेका थिए। २०७९ साउन २ गते मात्रै तत्कालीन सरकारले हरवाचरवा मुक्तिको घोषणा गरेको थियो । तर घोषणापछि पनि पुनःस्थापना, रोजगारी, शिक्षा र जीविकोपार्जनका कार्यक्रम प्रभावकारी रूपमा लागू हुन नसकेको समुदायको आरोप छ ।

कार्यक्रममा सहभागीहरूले अहिलेको महँगीमा पनि दिनभर खेतमा काम गरेर पाँच किलो धान वा करिब दुई सय रुपैयाँ ज्यालामा काम गर्न बाध्य भएको दुखेसो सुनाए। सरकारले तोकेको न्यूनतम ज्याला ७५४ रुपैयाँ कार्यान्वयन गर्न र कामको स्वतन्त्रता सुनिश्चित गर्न उनीहरूले माग गरे ।

दुई वर्ष अगाडि प्रदेश सरकारका तत्कालिन भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द न्यौपानेले पुनर्स्थापनाका लागि विस्तृत कार्ययोजना र कार्यविधि प्रक्रिया अघि बढाइयो । मन्त्री परिषदबाट मस्यौदा पारित भईकसेको अवस्थामा फाइल नै गायब भयो भनेर मन्त्रालयले अहिलेसम्म ओझेलमा पारेको गुनासो मञ्चका अध्यक्ष दशन मण्डलले पीडा सुनाए ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा लगत संकलनको योजना समेटिए पनि बजेट नछुट्याइएको भन्दै उनले आगामी वर्षका लागि बजेट सुनिश्चित गर्न प्रदेश सांसदहरूसँग आग्रह गरे । हरवाचरवा समुदायले कम्तीमा १० कठ्ठा जमिनसहित सुरक्षित पुनःस्थापना, परिचयपत्र, समान ज्याला, शिक्षा, स्वास्थ्य, रोजगारी र राज्यका सबै तहमा सहभागिताको माग गर्दै आन्दोलनरत छन् ।

द फ्रिडम फण्डको सहयोगमा सामुदायिक सुधार केन्द्र (सीआईसी) नेपालद्वारा आयोजित उक्त कार्यक्रममा प्रदेश सांसद जीवछी यादव, भाग्यश्री चौधरी, रमिता प्रधान, पल्टी महरा र अनिता साह लगायतको उपस्थिति रहेको थियो । उनीहरुले हरवाचरवाको माग प्रदेश सभामा उठाउनुका साथै आगामी आ.व.को निती तथा कार्यक्रम र बजेटमा समावेश गर्न दबाव दिने प्रतिबद्धता जनाएको थियो ।

# ७ खर्ब बढीको आयात

टुडे समाचारदाता

वीरगञ्ज । चालु आर्थिक वर्ष (आव) को १० महिनामा वीरगञ्ज भन्सार नाका हुँदै सात खर्ब ९४ अर्ब ८७ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको छ ।

गत आवको १० महिनाको तुलनामा चालु अवधिको सोही अवधिमा वीरगञ्ज नाका हुँदै एक खर्ब दुई अर्ब ४४ करोड अर्थात् १५ प्रतिशत बढी सामान भित्रिएको दाबी गरिएको छ ।

वीरगञ्ज हुँदै हुने आयातमा बढोत्तरी भएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले दाबी गरेका छन् । उनले चालु आवको पेट्रोलियम पदार्थ र फलाम तथा फलामजन्य वस्तुको आयातमा वृद्धि भएको बताए । जबकि गत आवको १० महिनामा भने ६ खर्ब ९२ अर्ब ४३ करोड मूल्यका वस्तु तथा सामान आयात भएको थियो ।

चालु आवको १० महिनामा एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ । सोही अवधिमा ६९ अर्ब ४२ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएको छ । ५७ अर्ब ६६ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ । त्यसैगरी ५५ अर्ब सात करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।

# थाल बजाउंदै विरोध प्रदर्शन



टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जको मेनरोडलाई शहरी मार्ग कायम गर्न सरकारसँग माग गर्दै प्रदर्शन गरिएको छ । मेनरोडबाट त्रिभुवन राजपथ स्थानान्तरण गर्ने मन्त्रिपरिषद्को निर्णय पूर्ण रूपमा कार्यान्वयन भइसकेको भन्दै वीरगञ्ज संघर्ष समितिले शहरी मार्ग कायम गर्न माग गरेको हो ।

संघर्ष समितिले आइतबार वीरगञ्जमा थाल बजाएर विरोध प्रदर्शन तथा सरकारको ध्यानाकर्षण कार्यक्रम गरेको हो । प्रदर्शनकारीहरूले मेनरोड परिक्रमा गर्दै वीरगञ्जको घण्टाघरसम्म पुगेर थाल बजाउँदै शहरी मार्ग कायम गर्न सरकारसँग आग्रह गरेका छन् ।

मन्त्रिपरिषद्को निर्णयअनुसार त्रिभुवन राजपथलाई मेनरोडबाट हटाइसकिएको छ । साथै नेपाल सरकारको आधिकारिक वेबसाइट तथा सरकारले प्रकाशन गर्ने 'रोड डायरी' मा समेत आवश्यक संशोधन गरिसकिएको दाबी संघर्ष समितिले गरेको छ । यस्तो अवस्थामा अब मेनरोडलाई औपचारिक रूपमा शहरी मार्ग घोषणा गर्नुपर्ने उनीहरूको माग रहेको छ ।

प्रदर्शनमा स्थानीय व्यापारी, सर्वसाधारण, महिला तथा बालबालिकाको समेत उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले मेनरोडलाई शहरी मार्ग कायम गरिए वीरगञ्जको यातायात व्यवस्थापन, व्यापारिक गतिविधि तथा शहरी सौन्दर्यीकरणमा सकारात्मक प्रभाव पर्ने बताएका थिए ।

प्रदर्शनकारीहरूले सरकारसमक्ष आफ्ना मागप्रति शीघ्र ध्यान दिन आग्रह गर्दै माग सम्बोधन नभए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने वीरगञ्ज युवा तथा व्यापारी सडक पीडित संर्घस समितिका अध्यक्ष कुन्दन रौनियारले चेतावनी समेत दिएका छन् ।

# सुजिता हत्याकाण्डका १० आरोपीलाई सफाइ

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीकी सुजिता ठाकुर हत्या घटनाका १३ आरोपीमध्ये १० जनाले सफाई पाएको छ ।

चार वर्षअघि लोहारपट्टी नगरपालिका-७ भ्रमरपूरा गाउँकी २६ वर्षीया सुजिता ठाकुरलाई आफ्नै देवर, ससुरालगायतले हत्या गरेर महिना दिनसम्म बेपत्ता पारेर हत्या गरेको घटनामा आरोपित मध्येका १० जनालाई जिल्ला अदालतले सफाई दिएको हो ।

बेपता रहेकी सुजिताको शव प्रहरीले शौचालयको सेप्टी ट्यांकीबाट बरामद गरेको थियो । घटनाको पांच वर्षपछि उनीहरुलाई सफाई दिइएको हो । अदालतका सूचना अधिकारी एवं श्रेस्तेदार भरतमणि पोखरेलका अनुसार न्यायाधिश तीर्थराज केसीको इजलासले सो मुद्दामा १० जनालाई सफाइ दिने आदेश दिएको जनाएको छ ।

उनका अनुसार व्यक्ति बेपत्ता तथा ज्यानसम्बन्धी कसुर मुद्दामा आरोपीहरुमध्ये कामेश्वर पाण्डे, अञ्जुकुमारी चौधरी, मोहमद अदम राइन, किशोरी मण्डल, विनोद मण्डल, नथुनी मण्डल, प्रिया ठाकुर, रामसखी देवी, पतिराम ठाकुर र भोगी महतोलाई अदालतले सफाइ पाएको हो ।

आरोपीहरु उत्तम खत्वे र दुखी महतो नुनियाको हकमा मुद्दा मुल्तवी गरिएको श्रेस्तेदार पोखरेलले जानकारी दिए । मृतक सुजिताका देवर रुपेश ठाकुरलाई महोत्तरी जिल्ला अदालतले जन्मकैदको सजाय, हकवालालाई क्षतिपूर्तिवापत रु ५० हजार भराइ दिने तथा पीडित राहत कोषमा रु दुई हजार ८०० दाखिला गर्ने आदेश दिइएको छ ।

विसं २०७८ जेठ २० गते राति मुकेश ठाकुरकी पत्नी सुजितालाई उनकै देवर रुपेश ठाकुरसहितका व्यक्ति मिलेर हत्या गरेर सुरुमा घरकै फ्रिजमा, त्यसपछि गाउँकै मनरहिया वनमा खाल्डो खनेर गाडेको र त्यसपछि त्यहाँबाट विभिन्न व्यक्तिको सहयोगमा शव निकालेर पेट्रोल पम्पको सेफ्टी ट्यांकीमा राखेको अवस्थामा प्रहरीले शव बरामद गरेको थियो ।

# नक्कली नोटका मुख्य नाइके पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । भारत-नेपाल सीमा क्षेत्रमा अन्तराष्ट्रिय रुपमै नक्क्ली नोट कारोबारमा सक्रिय गिरोहका मुख्य आरोपी (नाइके) दया तिवारी उर्फ सुशील तिवारी पक्राउ परेका छन् । बिहार एसटीएफ, आर्मी इंटेलिजेंस तथा हरैया थाना प्रहरीको संयुक्त टोलीले उनलाई पक्राउ गरेको हो ।

बिहार प्रहरी मुख्यालय (विशेष कार्य बल) ले एक प्रेस विज्ञप्ति जारी गरी मिलिट्री इन्टेलिजेन्स, लखनऊबाट प्राप्त सूचनाका आधारमा एसटीएफको विशेष टोलीले मेजरगंज थाना क्षेत्रबाट छापा मारेर तिवारीलाई पक्राउ गरिएको जनाएको छ । पक्राउ परेका तिवारी सीतामढी जिल्लाको शिवहर थाना क्षेत्र अन्तर्गत खैरवा गाउँका निवासी रहेको जनाइएको छ ।

उनीविरुद्ध हरैया थाना काण्ड नम्बर २३/२६, का विभिन्न धारा ३१७(५), ३१८(४), ६१(२), ३३८, ३३६(३), ३४०(२),



१११, १७८, १७९, १८०, १८१ तथा ३(५) अन्तर्गत विभिन्न मुद्दा दर्ता गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

गत जनवरी ३१ मा हरैया थाना प्रहरीले जाली नेपाली तथा भारतीय नोट कारोबारको ठूलो खुलासा गर्दै एक नेपाली नागरिकसहित आठ जनालाई पक्राउ गरेको थियो । उक्त कारबाहीका क्रममा करिब २५ लाख रुपैयाँ बराबरको नेपाली नक्कली नोट, १८ हजार ५०० रुपैयाँ भारतीय नक्कली नोट, एक दर्जन मोबाइल फोन, पासपोर्ट, मोटरसाइकल, कार, नोट छाप्न प्रयोग हुने सादा कागज, रसायन तथा अन्य उपकरण बरामद गरिएको थियो ।

सोही प्रकरणमा दया तिवारीलाई मुख्य सरगना मानिएको थियो । घटना पश्चात् उनी फरार रहेका थिए। अनुसन्धान एजेन्सीका अनुसार आरोपीको सञ्जाल भारत, नेपाल र बंगलादेशसम्म फैलिएको थियो । लामो समयदेखि उनी जाली नोट छपाइ, आपूर्ति तथा ठगी कारोबारमा सक्रिय रहेको बताइएको छ ।

आर्मी इन्टेलिजेन्स र बिहार एसटीएफले उनको गतिविधिमाथि लगातार निगरानी गरिरहेको थियो । प्राविधिक निगरानी तथा गोप्य सूचनाका आधारमा अन्ततः उनलाई पक्राउ गर्न सफल भएको बताइएको छ ।

# विग्रह होइन एकताबद्धका लागि कार्यक्रम

टुडे समाचारदाता

काठमाण्डू । नेपाली कांग्रेसका नेता रमेश लेखकले सुदूरपश्चिम प्रदेशमा आयोजना गरिएको भेला पार्टीमा कुनै विग्रह ल्याउनका लागि होइन एकताबद्धका लागि रहेको दाबी गरेका छन् ।

धनगढीमा आयोजित भेलामा सम्बोधन गर्ने क्रममा उनले पार्टीलाई एकताबद्ध बनाएर थप संगठित गर्नका लागि भेला आयोजना गरिएको भने ।

'यो भेला पार्टीमा विग्रह ल्याउनका लागि होइन । नेपाली कांग्रेसलाई एकताबद्ध गरेर थप संगठित गर्नका लागि हो । थप सुव्यवस्थित गर्नका लागि हो,' नेता लेखकले भने, 'नेपाली कांग्रेस जसरी हिजोको दिनमा सबैभन्दा ठूलो लोकतान्त्रिक र सशक्त पार्टीको रुपमा स्थापित थियो । त्यसलाई कायम राख्नका लागि बृहत्तर एकता कायम राख्नका लागि भएको भेला हो यो ।'



जेनजी आन्दोलनपछिको विशेष अवस्थामा पार्टी एकताबद्ध भएर अघि बढ्नुपर्नेमा पार्टीमा आएको विग्रह र समस्याकै कारण निर्वाचनमा हार व्यहोर्नपरेको उनको भनाइ थियो ।

'भदौ २३ र २४ को घटनापछि मुलुकमा विशेष अवस्था सिर्जना भयो । यो बेलामा देशका लागि नेपाली कांग्रेस सबैभन्दा बढी एकताबद्ध, बलियो र जनताको बीचमा सबैभन्दा बढी आशाको केन्द्रको रुपमा अघि बढ्नुपर्नेमा पार्टीमा समस्या सिर्जना भयो,' लेखकले भने, 'दुर्भाग्यले हामीले त्यो काम गर्न सकेनौं । विशेष महाधिवेशनमा नयाँ कार्यसमिति चयन भए । त्यसको कारण निर्वाचनमा असल परिणाम आउन सकेन ।'

त्यस्तै, पार्टी सभापति शेरबहादुर देउवाले लोकतन्त्रका लागि ठूलो योगदान गरेको भन्दै राजनीतिमा देउवालाई सम्मानको वातावरण तयार हुनुपर्ने माग उनले गरे ।

उनले भने 'शेरबहादुर देउवा जसले यो देशको लोकतान्त्रिक आन्दोलनका लागि काम गर्नुभयो । पार्टीमा महत्वपूर्ण भूमिका रह्यो । कुनै पनि नेताको भन्दा उहाँको भूमिका कम आँक्न सकिदैन । सुदूरपश्चिमका लागि विशेष काम गर्नुभएको छ । त्यसैले उहाँको राजनीति सम्मानपूर्वक अघि व्यतित हुन सकोस् । उहाँले यो देशका लागि गर्नुभएको योगदानको उचित मूल्यांकनसहित सम्मानको स्थिति कायम रहोस् भन्ने पनि यो बेलाको अवस्था होस् ।'

# चारदिने योग शिविर

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा चारदिने योग विज्ञान शिविर आयोजना हुन लागेको छ । जेठ ११ गतेदेखि १४ गतेसम्म तिरहुतिया गाछीमा सञ्चालन हुने उक्त शिविरमा योगगुरु रामदेवका शिष्या साध्वी देवादितीको विशेष सहभागिता रहने आयोजकले जनाएको छ ।

शिविरको आयोजनाबाट मधेश प्रदेशका नागरिकलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्ने लक्ष्य लिइएको आयोजकको भनाइ छ । शिविरमा प्राणायाम, ध्यान, विभिन्न योग अभ्यास तथा स्वास्थ्यसम्बन्धी प्रशिक्षण प्रदान गरिने जनाइएको छ ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले सनातन धर्ममा योगको विशेष महत्व रहेको उल्लेख गर्दै योग शारीरिक अभ्यासमा



मात्र सीमित नभई आत्मशुद्धि, मानसिक शान्ति र आध्यात्मिक उन्नतिको माध्यम भएको बताए । उनले आधुनिक जीवनशैलीका कारण बढ्दै गएको तनाव र विभिन्न रोगबाट बच्न योग प्रभावकारी उपाय बन्न सक्ने धारणा व्यक्त गरे ।

पतञ्जली योग पीठ मधेशका उपाध्यक्ष मनोहर साहले नियमित योग अभ्यासले शरीरलाई स्वस्थ, मनलाई शान्त तथा जीवनलाई अनुशासित बनाउने बताए । उनका अनुसार रोगअनुसारको योग अभ्यासले शारीरिक लाभ मात्र नभई विभिन्न रोग निको हुने सम्भावना समेत बढाउँछ ।

आयोजकले शिविरमा सयौं सर्वसाधारणको सहभागिता रहने विश्वास गरेको छ । शिविरमार्फत जनकपुरधामसहित मधेशका विभिन्न जिल्लामा योग र स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि हुने विश्वास व्यक्त गरिएको छ ।

सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसंग नम्र, शिष्टर सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रुपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔ,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणामुखी कार्यशैली विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८